# नेपाल सरकार
# युवा तथा खेलकुद मन्त्रालय

# ‘युथ भिजन - २०२५’
# तथा
# दशवर्षे रणनीतिक योजना

## विषय सूची


**१) परिचय**

१.१ 'युथ भिजन-२०२५' अवधारणा

१.२ पृष्ठभूमि

१.३ नेपालमा युवाको वर्तमान अवस्था

१.४ नेपाली युवाका सम्भावना र अवसरहरु

१.५ नेपाली युवाका वर्तमान समस्या र चुनौतीहरु

१.६ अन्तर्राष्ट्रिय अनुभव

**२) युथ भिजन -२०२५**

२.१ 'युथ भिजन-२०२५'

२.२ दीर्घकालीन लक्ष्य

२.३ उद्देश्य

२.४ उपागम

२.५ मूल रणनीति

२.६ कार्यनीति

२.७ निर्देशक सिद्धान्तहरू

२.८ २५ बुँदे प्राथमिकता

२.९ परिमाणात्मक लक्ष्य सूचक

**३) दश बर्षे रणनीतिक योजना र कार्यक्रम**

३.१ गुणस्तरीय र व्यावसायिक शिक्षा

३.२ रोजगारी, उद्यमशीलता र सिप विकास

३.३ स्वास्थ्य र सामाजिक सुरक्षा

३.४ परिचालन, सहभागिता र नेतृत्व विकास

३.५ खेलकुद र मनोरञ्जन

**४) कार्यान्वयन, अनुगमन र मूल्याङ्कन**

४.१) कार्यान्वयन र समन्वय

४.२) अनुगमन र मूल्याङ्कन

४.३) जोखिम

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमिः

युवा शक्ति कुनै पनि देशको राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनको संवाहक हो । युवा जनशक्तिको सङ्ख्यात्मक तथा गुणात्मक विकासका माध्यमबाट अहिलेका विकसित तथा विकासशील राष्ट्रले विकास निर्माणमा प्रगति हासिल गरेको देखिन्छ । हरेक देशको विकास र प्रगतिमा युवाको योगदान नै प्रमुख हुने गरेको छ । यसबाट नेपाल युवा जनसाङ्ख्यिक लाभांशबाट फाइदा लिई समृद्धि र विकासको सुनौलो युगमा प्रवेश गर्नसक्ने अवसरको अवस्थामा रहे पनि राजनीतिक सङ्क्रमणका कारण देशको आर्थिक र सामाजिक क्षेत्रमा अपेक्षाकृत परिवर्तन हुन सकेको छैन ।

युवा अवस्थालाई विभिन्न मुलुकले फरक फरक तरिकाले परिभाषित गरेको पाइन्छ । शारीरिक र मानसिक विकासका दृष्टिले युवा भन्नाले किशोर अवस्था र वयस्क अवस्थाबीचको उमेर समूहलाई जनाउँछ । यो जनसङ्ख्याको सर्वाधिक सक्रिय, उर्जावान् र गतिशील समूह हो । संसारका विभिन्न देशहरूको अनुभव हेर्दा पनि युवाको उमेर समूह फरक फरक पाइन्छ ।[१] अधिकांश देशमा युवाको उमेर १५-३५ वर्षका बिचमा कायम गरिएको पाइन्छ भने संयुक्त राष्ट्रसंघ र विश्व बैंक जस्ता अन्तर्राष्ट्रिय संस्थाले १५ देखि २४ वर्षको उमेर समूहलाई युवा मानेको पाइन्छ । नेपालको सन्दर्भमा राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्षलाई युवा उमेर समूह निर्धारण गरेको छ । नेपालको जनसंख्याको १६ देखि ४० वर्ष उमेर समूहलाई हेर्दा यो कुल जनसङ्ख्याको ४०.३५ प्रतिशत हुन आउँछ र आउने दशकमा यो प्रतिशत अझै बढ्ने निश्चित छ ।[२] नेपाल सरकारका विभिन्न निकायमा युवा उमेर समूहबारे अझै एकरूपता कायम हुन नसकिरहेको सर्न्दभमा[३] 'युथ भिजन - २०२५' मा १६ देखि २४ वर्ष र २५ देखि ४० वर्षको उमेर समूहमा विभाजन गरी समूहगत प्राथमिकता निर्धारण गरिएको छ ।

नेपालमा युवा विकास तथा परिचालनका लागि २०६५ सालमा नेपाल सरकारले युवा तथा खेलकुद मन्त्रालय स्थापना गरेको थियो । मन्त्रालय गठनसँगै राष्ट्रिय युवा नीति तर्जुमा गरी युवा विकास र परिचालनका विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । नेपाल सरकारको तेह्रौं योजनाको आधारपत्र (२०७०/०७१–२०७२/०७३) मा युवामा उद्यमशीलता र क्षमता अभिवृद्धि गर्ने, स्वरोजगार र आय आर्जन कार्यक्रममा सक्रिय बनाउने र राष्ट्रिय विकासको नेतृत्व गर्न सक्ने गरी सशक्तीकरण गर्ने रणनीति तय गरिएको छ । यसैअनुसार युवासँग सम्बन्धित शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, श्रम तथा रोजगार, खेलकुद लगायतका क्षेत्रमा नेपाल सरकारका विभिन्न मन्त्रालयहरूले क्षेत्रगत नीति तर्जुमा गरी कार्यक्रमहरु कार्यान्वयन गर्दै आएका छन् ।

युवा विकास र परिचालनका लागि मन्त्रालय मातहत रहने गरी राष्ट्रिय युवा परिषद् गठन गरी युवा कार्यक्रम संयोजन गर्न गराउन युवा परिषद् ऐन २०७२ जारी भइसकेको छ । युवा परिषद् ऐन जारी भएपछि राष्ट्रिय युवा परिषद् गठनको वैधानिक बाटो खुलेको छ र परिषद्को स्थापनासँगै युवा विकास र परिचालनका लागि साङ्गठनिक संरचना निर्माण हुनेछ ।

राष्ट्रिय युवा नीति २०७२ मा युवा विकासका व्यापक विषय वस्तुलाई नीतिगत रूपमा समावेश गरिएको छ । तिनै विषयहरु लाई प्राथमिकता निर्धारण गरेर कार्यान्वयनका लागि युवा विकासको स्पष्ट दृष्टिकोण, रणनीतिक कार्ययोजना र कार्यक्रम तय गर्नु अति आवश्यक छ । नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरू, युवा विकाससँग सम्बन्धित संघ/संस्थाहरू र अन्तर्राष्ट्रिय दातृ संस्थालाई युवा विकासको लक्ष्यमा समन्वयात्मक रूपमा परिचालन गरी राष्ट्रिय युवा परिषदमार्फत राष्ट्रिय युवा नीति, २०७२ लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न ***'युथ भिजन - २०२५' सहितको दश बर्षे रणनीतिक योजना*** आवश्यक भएको हो ।

---

[१] बंगलादेश, फिलिपिन्स १५-३० वर्ष, भारत १६-२९, चीन १८-३५, जर्मनी १४-२६, दक्षिण अफ्रिका १५-२९ आदि रहेको छ ।

[२] युवा तथा खेलकुद मन्त्रालय, २०१४ ।

[३] नेपालकै अन्तरिम योजनाले १५ देखि २९, कृषि विकास मन्त्रालयले ५० वर्ष, अन्य गैर सरकारी निकाय र राजनीतिक संगठनमा फरक फरक मापन निर्धारण गरिएको छ ।

'युथ भिजन - २०२५' युवाका अधिकार, चाहना र आवश्यकतालाई मूर्त रूप दिन एउटा दूरगामी दृष्टिका साथ तय गरिएको ठोस र विशिष्ट रणनीतिक कार्ययोजना हो । यसले चार 'अ' र चार 'स' को निर्देशक सिद्धान्तलाई आत्मसात् गरेको छ । यसले नयाँ पुस्ता र देश विकासका लागि आवश्यक राष्ट्रिय भावना, एकता, समता, न्याय, सौहार्दता, समावेशीता जस्ता साझा मान्यताहरूलाई जोड दिएको छ । यसले युवामा व्यापक लगानी गरी आर्थिक समृद्धि हासिल गर्न उत्तरदायी युवा तयार पार्ने कुरालाई केन्द्रमा राखेको छ ।

अन्तराष्ट्रिय स्तरमै युवा क्षेत्रमा भएका प्रगति र नेपालको अवस्थालाई मध्यनजर गरी[४] 'युथ भिजन - २०२५' ले अहिलेको युवा विकासका मूल समस्यालाई  लक्षित गरी युवा विकासका पाँच रणनीतिक आधारस्तम्भ तय गरेको छ ।

नेपाललाई सन् २०२५ सम्म द्रुत विकासशील राष्ट्रमा पुऱ्याउन **शिक्षा**लाई गुणस्तरीय, व्यावसायिक र रोजगारीमूलक बनाउँदै सम्पूर्ण युवाको पहुँच सुनिश्चित गर्नुपर्दछ ।  यो युवा विकासको लागि गरिनु पर्ने आधारभूत कार्य हो । युवा उद्यमशीलता, सिप विकास र **रोजगारी** सिर्जना अर्को प्रमुख कार्य हो । कृषि, पर्यटन, उर्जा, पूर्वाधार र जडिबुटी नेपालका लगानी र रोजगारीका महत्वपूर्ण क्षेत्र हुन् । त्यसैगरीसबल र स्वस्थ युवा निर्माणका लागि सन् २०२५ सम्म गर्नुपर्ने अर्को महत्त्वपूर्ण काम युवाका लागि **स्वास्थ्य र सामाजिक सुरक्षा**को सुनिश्चितता हो । युवालाई कस्तो प्रणालीबाट हामी स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न सक्छौं भन्ने कुरा महत्त्वपूर्ण हुन आउँछ । युवा प**रिचालन, सहभागिता र नेतृत्व विकास**विना कुनै पनि देशले विकासको अपेक्षित लक्ष्य हासिल गर्न सक्दैन । युवा राष्ट्रिय अभियानहरू र देश निर्माण प्रक्रियामा उनीहरूको सक्रिय सहभागिता र स्वयम्सेवकीय भूमिका मार्फत समाज र देशलाई आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्न सकिन्छ । युवा स्वावलम्बन, सशक्तीकरण, सहकार्य, पहलकदमीमार्फत राष्ट्र निर्माणका निमित्त युवा नेतृत्वलाई विकास र स्थापित गर्दै जानुपर्दछ । **खेलकुद र मनोरञ्जन**लाई युवाको मानसिक र शारीरिक स्वास्थ्यका साथै व्यक्तित्व विकाससँग समेत जोड्नुपर्दछ । खेलकुदको विकासले युवामा राष्ट्रिय भावना र एक्यवद्धता कायम गर्न मद्दत गर्दछ ।   यसका लागि मनोरञ्जन केन्द्र, व्यायाम केन्द्र, पार्कहरू, रंगशाला, कभर्डहल, खेल मैदानहरू, सांस्कृतिक कलाकेन्द्र स्थापना गर्न राज्यको लगानी आवश्यक हुन्छ । खेलकुदलाई व्यापकता दिन विद्यालय स्तरदेखि नै योजनाबद्ध विकास गरी सबै युवाको पहुँच सुनिश्चित गरिनु आवश्यक छ ।

## १.२ नेपालमा युवाको वर्तमान अवस्था

नेपाल विश्व युवा विकास सूचकाङ्कमा १४५ औं स्थानमा रहेको छ । दक्षिण एसियाका मुलुकसँग तुलना गर्दा पनि नेपालको युवा विकास सूचकाङ्क सबैभन्दा कमजोर देखिन्छ ।[५] सरकारी तथ्याङ्कमा नेपालमा पूर्ण बेरोजगार युवाको दर २.३ प्रतिशतमात्र देखाइए पनि अर्ध बेरोजगार युवाको दर करिब ३६ प्रतिशत छ । अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) का अनुसार पूर्ण बेरोजगारी दर १९.२ प्रतिशत र अर्ध बेरोजगारी दर २८.३ प्रतिशत छ । अर्ध बेरोजगारीमा रहेको नेपालको करिब ३६ प्रतिशत युवा शक्ति आर्थिक उत्पादन र सिपसँग जोडिन सकेको छैन । सीमान्तकृत, अल्पसङ्ख्यक, आदिवासी, अपाङ्गता भएका युवामा बेरोजगारी दर उच्च रहेको छ । युवा श्रमशक्तिको झण्डै आधा भाग अझै गुजारामुखी कृषिमा आश्रित छ । वैदेशिक रोजगारीमा जाने वार्षिक पाँच लाख ३८ हजार युवामध्ये ७४ प्रतिशत अदक्ष छन् । सेवा क्षेत्रमा रोजगारीको अनुपात केही बढेको देखिए पनि औद्योगिक क्षेत्रमा भने यो अनुपात घटेको छ । विप्रेषण गार्हस्थ उत्पादनको २९ प्रतिशत पुगेको भए पनि यसको निकै सानो अंशमात्र उत्पादनको क्षेत्रमा प्रवाह भएको छ । नेपाली युवाको अवस्थाका केही प्रमुख सूचकहरु यसप्रकार छन्:

**तालिका २ : युवाको वर्तमान अवस्था**

| केही छानिएका सूचकहरू[६] | सङ्ख्या रप्रतिशत | केही छानिएका सूचकहरू[७] | सङ्ख्या र प्रतिशत |
|---|---|---|---|
| युवा साक्षरता | ७१% | विवाहको औषत उमेर | २०.६ वर्ष (महिला)<br>२३.८ वर्ष (पुरुष) |
| साक्षरता : पुरुष/महिला | ८२% र ६३% | वार्षिक विदेश पढ्न जाने युवा सङ्ख्या (२०७०/०७१)[८] | २८,१२६ |

[४] हेर्नुहोस अनुसुचि .... र ..... अन्तराष्ट्रिय अनुभवहरु र नेपालमा युवा विकासको अवस्था ।

[५] Global Youth Development Indicator, 2013.

[६] CBS 2008; MOYS 2014 ( Restless Development and UNFPA); and ILO 2014

[७] CBS 2008; MOYS 2014 ( Restless Development and UNFPA); and ILO 2014

| | | | |
|---|---|---|---|
| विश्व युवा विकास सूचकाङ्कमा नेपाल | १४५ औं स्थान | कृषिमा संग्लग्न युवा[९] | ५०.५ % |
| पूर्ण बेरोजगार युवा<br>रोजगारी खोज्ने | १९.२%[१०] र<br>२.३%[११]<br>१.४% | स्वरोजगार युवा प्रतिशत[१२]<br>(१५ देखि २९ वर्ष समूह) | ५८.८ % |
| अर्ध बेरोजगार युवा | २८.३%[१३] | सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका युवाको बेरोजगारी दर[१४] | २३ % |
| प्रतिवर्ष श्रम बजारमा प्रवेश गर्ने युवा सङ्ख्या (अनुमानित)[१५] | ४ लाख ५० हजारभन्दा बढी | रोजगारीमा महिला असमानता अनुपात | ०.५० |
| कुल वार्षिक रोजगारी वृद्धि दर | २.९ प्रति हजार | उच्च शिक्षामा लैङ्गिक विभेद | ०.७० |
| घरायसी कामकाजमा युवा महिला | ३६ प्रतिशत | वैदेशिक रोजगारी क्रमशः दक्ष, अर्धदक्ष र अदक्ष | २ %, २४% र ७४% |
| प्रतिवर्ष रोजगारीका लागि विदेशिने नेपाली युवा | ५ लाख ३८ हजार | स्नातक युवा बेरोजगारी प्रतिशत | २६.१ % |
| अपाङ्गता भएका युवा | १.५२ % | | |

## १.३ नेपाली युवाका सम्भावना र अवसरहरु

१. लोकतान्त्रिक, संघीय शासन प्रणाली र विकासमा सार्थक सहभागिताको अवसर,

२. तुलनात्मक लाभका कृषि, जडिबुटी, पर्यटन, जलस्रोत, वन, जडिबुटी लगायतका प्राकृतिक साधनस्रोतको प्रचुरता,

३. बैंक, सहकारी, लघुबित्तको बढ्दो सञ्जालबाट आर्थिक साधन स्रोतमा बढ्दो पहुँच,

४. गुणस्तरिय र व्यवसायीक शिक्षाको विकासले उद्दमशीलता र सेवा क्षेत्रको विकास भई सृजनाहुने गुणस्तरिय रोजगारी । ५. लक्षित समूह एवं भौगोलिक क्षेत्र केन्द्रित विभिन्न कार्यक्रमको विस्तार र सचेतना विस्तारमा विकास साझेदारको बढ्दो सञ्जाल

६. जागृत युवा र र राष्ट्रिय युवा परिषद् र संरचनाको स्थापना

७. ठूलो संख्यामा रहेको बैदेशिक रोजगारीमा रहेको र गैर आवासीय नेपाली युवाबाट प्राप्त सीप, अनुभव र पुजींलाई  उत्पादनशील क्षेत्रमा प्रयोग गर्दै आन्तरिक रोजगारी सिर्जनाको अवसर ।

८.  विश्वका दुई ठूला छिमेकी अर्थतन्त्रमाझ रहेको नेपालमा बढ्दो बैदेशीक लगानीको सम्भावना ।

## १.४ नेपाली युवाका वर्तमान समस्या तथा चुनौतीहरु

१. गुणस्तरीय, समय सापेक्ष र रोजगारमूलक शिक्षाको अभाव, व्यावसायिक सिप र प्रविधिको पहुँचबाट टाढा, गन्तव्य विहीनता,
२. बेरोजगारी र अर्ध बेरोजगारी,
३. युवा पलायन, राजनीतिक अस्थिरता
४. युवाको कमजोर स्वास्थ्य, पोषण र मनोबल,
५. युवामैत्री लगानी तथा उद्यमको वातावरणको अभाव,
६. लैङ्गिक, क्षेत्रीय, जातीय विभेद र बहिष्करण,
७. विश्वव्यापीकरण तथा उदारीकरणको प्रभावले ल्याएका चुनौतीहरू ।

---

[८] MOE, 2014
[९] MoYS, 2014
[१०] ILO, 2014
[११] CBS, 2011
[१२] ILO, 2014
[१३] CBS, 2011
[१४] ILO, 2014
[१५] 13th Plan 2070-73, NPC/GoN.

नेपाली युवाको वर्तमान अवस्थाको विश्लेषणका आधारमा युवा विकासका विद्यमान समस्या तथा चुनौती सामना गर्दै उपलब्ध सम्भावना र अवसरहरुलाई आत्मसात गरी अगाडि बढ्नु आजको आवश्यकता हो । त्यही आवश्यकता पुरा गर्नका लागि 'युथ भिजन -२०२५' र दश वर्षे रणनीतिक योजना तथा कार्यक्रम तयार पारिएको छ ।

# परिच्छेद २ : युथ भिजन- २०२५

## २.१ युथ भिजन - २०२५

***नेपाली युवालाई सबल, सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै उनीहरूको सार्थक सहभागिता र नेतृत्व क्षमताको विकास मार्फत आधुनिक, न्यायपूर्ण र समृद्ध नेपाल निर्माण भएको हुने ।***

## २.२ दीर्घकालीन लक्ष्य

***जीवनोपयोगी शिक्षा, रोजगार, स्वास्थ्य र सामाजिक सुरक्षा लगायतका युवा विकासका क्षेत्रमा व्यापक लगानी गरी आम युवा सहभागिता, सहकार्य र नेतृत्व विकास मार्फत आगामी १० वर्षभित्र राष्ट्रिय समृद्धि, समानता र सामाजिक न्याय हासिल गर्दै देशलाई अति कम विकसित राष्ट्रबाट द्रुत विकासशील राष्ट्रमा पुऱ्याउन सक्षम जनशक्ति तयार गर्ने ।***

## २.३ उद्देश्य

१) युवा विकासको दूरदृष्टि तथा आगामी १० वर्षका लक्ष्य सूचक तय गर्ने ।

२) युवा विकासका मूल आधारस्तम्भ निर्धारण गरी आगामी १० वर्षका लागि मूल रणनीति तय गर्ने ।

३) राष्ट्रिय युवा नीति, २०७२ ले निर्दिष्ट गरेका नीति र कार्यनीतिहरूलाई कार्यान्वयनका लागि मार्गनिर्देश गर्ने ।

४) युवा क्षेत्रको विकासका मूल समस्या, चुनौती र सम्भावना पहिचान गरी तदनुरुप योजना तथा कार्यक्रम तय गर्ने ।

५) राष्ट्रिय र अन्तर्राष्ट्रिय विकास लक्ष्यसँग एकाकार गर्दै सबल, सक्षम, प्रतिष्पर्धी र आत्मनिर्भर युवा तयार गर्ने ।

## २.४ उपागम

'युथ भिजन - २०२५' ले शान्तिपूर्ण र लोकतान्त्रिक रूपमा सामाजिक, आर्थिक रूपान्तरणका लागि उडान भर्ने उपागम (take-off approach) लाई जोड दिएको छ । यसले सामाजिक र आर्थिक रूपान्तरणलाई केन्द्रमा राखेको छ । यसले युवालाई अधिकार, आवश्यकता र उत्तरदायित्व बोध गराउने योजना तय गरेको छ । युवाका राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका लागि सशक्त पैरवी गर्ने, सशक्त र वैचारिक नेतृत्वका लागि पहलकदमीमा युवा जागरण अभियान र तलदेखि माथिसम्म रूपान्तरण गर्न जोड दिएको छ । यसका लागि व्यापक नीतिगत, संस्थागत र व्यवस्थापकीय सुधारमा जोड दिएको छ ।




शान्तिपूर्ण सामाजिक आर्थिक रूपान्तरणका लागि उडान उपागम (Take-off approach for peaceful socio-economic transformation)



### २.५ मूल रणनिति

संरचनागत विभेद हटाउँदै सक्षम, प्रतिस्पर्धी र व्यावसायिक युवा संसाधनको विकास गर्नु 'युथ भिजन - २०२५'को मूल रणनीतिक उद्देश्य हो । संरचनागत विभेद भन्नाले विपन्न, महिला, दलित, जनजाति आदिवासी,

अल्पसङ्ख्यक, मधेशी, मुस्लिम, कर्णाली तथा पिछडिएको क्षेत्रमा रहेका युवामा देखिएको सामाजिक, आर्थिक र सांस्कृतिक विभेदलाई जनाउँछ । देशको समग्र आर्थिक विकास गरी युवा रोजगारी सिर्जना गर्न अर्थतन्त्रको सम्भावित क्षेत्रमा व्यापक लगानी गर्ने, राजनीतिक स्थायित्व कायम गरी लगानीमैत्री वातावरण सिर्जना गर्दै समतामूलक आर्थिक समृद्धि र युवा विकास हासिल गर्ने यो 'युथ भिजन २०२५' को मूल रणनीति रहेको छ ।

### २.६ कार्यनीति

१. युथ भिजन- २०२५ को कार्यक्रमलाई राष्ट्रिय युवा परिषद्को संरचना मार्फत लागू गरिने छ । युवा विकासका कार्यक्रम र संरचना सङ्घीय ढाँचामा विस्तार गर्दै लगिने छ ।

२. १६ देखि २४ वर्षको उमेर समूहलाई शिक्षा, स्वास्थ्य, तालिम, नेतृत्व विकास र रोजगारीमा जोड दिइने छ । २५ देखि ४० वर्षको उमेर समूहलाई रोजगारी, नेतृत्व, व्यवस्थापन, स्वास्थ्य, युवा लगानी तथा उद्यमशीलता र नीति निर्माण/निर्णय एवं कार्यान्वयनमा सक्रियरूपमा सहभागी गराइने छ ।

३. प्राथमिकता र विशेष प्राथमिकतामा परेका साथै विपन्न वर्गका युवालाई विकासका कार्यक्रमहरूमा विशेष सम्बोधन गरिने छ । गरीब घर-परिवार परिचयपत्र, कमैया, हलिया परिचयपत्रलाई विपन्न युवाको आधार मानिने छ ।

४. सम्बन्धित विभिन्न मन्त्रालयसँगको समन्वयमा युवा लक्षित बजेट तय गरिने छ ।

### २.७ निर्देशक सिद्धान्त

***चार 'अ'***

**१) अधिकारको सुनिश्चितता र दायित्वबोध**

युवा विकासका लागि शिक्षा, रोजगारी, स्वास्थ्य, खेलकुद, मनोरञ्जन, र सूचना-प्रविधिमा युवाको पहुँच सुनिश्चित गरिनुपर्छ । यस सिद्धान्तले राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारको सुनिश्चिततासँगै देश निर्माणका लागि युवाले निर्वाह गर्नुपर्ने भूमिका र दायित्वबोधलाई जोड दिन्छ, युवा अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रतिबद्धता र साझा अवधारणालाई आत्मसात् गर्छ ।

**२) आम समृद्धि, दिगो विकास र शान्ति**

नयाँ पुस्ता अघि बढ्ने बाटो आम समृद्धि, दिगो विकास र शान्ति हो । यस सिद्धान्तले प्रकृति र वातावरण संरक्षण गर्दै आगामी पुस्तालाई हस्तान्तरण गर्नुपर्ने मान्यता राख्छ । सन् २०१५ पछिका सहस्राब्दी विकास लक्ष्यहरू, दिगो विकास र विश्व वातावरणीय परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्न युवाको सहभागितामा जोड दिन्छ । कार्यक्रमहरुलाई द्वन्द्व व्यवस्थापनतर्फ उन्मुख गराई शान्ति सम्वेद्य विकासको अवधारण (Peace Sensitive Approach) लाई समेट्ने छ ।

**३) अनेकतामा राष्ट्रिय एकता र सह-अस्तित्व**

भौगोलिक, सामाजिक र सांस्कृतिक विविधताको धनी देश नेपालका युवामा पनि विविधता हुनु स्वाभाविक छ । भौगोलिक विविधतायुक्त नेपालमा १२५ जातजाति, १२३ भाषाभाषी र १० प्रकारका धर्ममा आस्था राख्ने जनताको बसोवास छ ।[16] यी विविधता र उपपहिचानलाई फक्रन र फुल्न दिएर बलियो राष्ट्रिय पहिचान निर्माण गर्नु आजको आवश्यकता हो । विविधतामाझ निर्माण हुने सह-अस्तित्वबाट मात्र बलियो राष्ट्रिय एकता र अखण्डता कायम राख्न सकिन्छ । इतिहास, भूगोल, कला, साहित्य र सांस्कृतिक विविधताको समुच्चतामा नै राष्ट्रिय भावनालाई बलियो बनाउन सकिन्छ । 'युथ भिजन - २०२५' ले राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता र राष्ट्रिय अखण्डता कायम गरी राष्ट्रिय भावना जागृत गर्न युवाको भूमिकालाई विशेष महत्त्व दिन्छ ।

[16] CBS, 2011, Government of Nepal.

**४) अनुभव र तथ्यबाट सत्यको खोजी**

राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा भएका राम्रा अभ्यास र अनुभवबाट सिक्नुपर्छ । वास्तविक तथ्यबाट सत्य पत्ता लगाई युवा विकासका योजना निर्माण गर्नुपर्छ । युवा विकासका लक्ष्य हासिल गर्न विज्ञानसम्मत विधि अनुशरण गर्नुपर्छ । यस सिद्धान्तले युवा विकासमा विशिष्टबाट आम (specific to general) र तलदेखि माथि जाने विधि (bottom up approach) लाई जोड दिन्छ ।

***चार 'स'***

**१) सामाजिक न्याय र समानता**

यस सिद्धान्तले आम युवालाई सामाजिक न्याय र समानताको प्रत्याभूति दिलाउने मान्यतालाई अघि सार्दछ । यसले युवामा कुनै प्रकारको विभेद नहुने कुराको सुनिश्चितता गराउँदछ । जाति, क्षेत्र, लिङ्गका आधारमा युवाका बीचमा हुने भेदभाव अन्त्य गरी सामाजिक सुरक्षा, न्याय र समानताका आधारहरू तय गरिनुपर्ने मान्यतालाई अघि सार्दछ ।

**२) समावेशिता र समविकास**

यस सिद्धान्तले अपाङ्गता भएका, जोखिममा परेका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, दलित, महिला, मधेशी, मुस्लिम, आदिवासी-जनजाति, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायका र कर्णाली तथा पिछडिएको क्षेत्रका युवालाई सामाजिक न्याय र आधारभूत अधिकारहरू प्राप्त गर्न समावेशितामा जोड दिन्छ । यसले समावेशी प्रक्रियाबाट हरेक क्षेत्रको समता मूलक विकास सुनिश्चित गर्दै गरिबीको रेखामुनि रहेका युवाको पनि समविकासको आधार तय गर्छ ।

**३) संरक्षण र संवर्द्धन**

यस सिद्धान्तले विशेष प्राथमिकतामा परेका (अपाङ्गता भएका, जोखिममा रहेका, अल्पसङ्ख्यक, विपन्न र उत्पीडित दलित, मुस्लिम, कर्णालीका) युवाका अधिकार सुनिश्चित गर्ने तथा उनीहरूको संरक्षण, संवर्द्धन र विकास गरी राष्ट्र निर्माणमा उनीहरूको पनि भूमिका खोज्ने मान्यतालाई अङ्गीकार गर्छ ।

**४) सहभागिता र सहकार्य**

आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक विकासका क्षेत्रमा आम युवा सहभागिता सुनिश्चित हुनु जरुरी छ । युवा सहभागिता, सहकार्य र अगुवाई मार्फत देशको आर्थिक र सामाजिक रूपान्तरण गरी युवा नेतृत्व स्थापित गर्न सकिन्छ । नेपाल जस्तो तहगत संरचना र विविधता भएको देशमा युवा सहभागिता र सहकार्यको संस्कृतिलाई अघि बढाउनु आवश्यक छ । एक्काइसौं शताब्दीमा विकास हुँदै गरेको बहुध्रुवीय विश्व रङ्गमञ्चमा नेपाललाई अघि बढाउन युवा पुस्ताको सक्रिय अन्तर्राष्ट्रिय सहभागिता र सहकार्य आवश्यक हुन्छ । यसले लोकतान्त्रिक मूल्य, मान्यता र विधिमार्फत युवा सहभागिता र सहकार्यमा जोड दिन्छ ।

## २.८ २५ बुँदे प्राथमिकताः

१. राष्ट्र, राष्ट्रियता, राष्ट्रिय अखण्डता र सार्वभौमसत्ता अक्षुण्ण राख्दै युवा विकासका साझा सिद्धान्तहरूबाट निर्देशित भई राष्ट्रिय एकता, समृद्धि र युवा विकास हासिल गर्न व्यापक सामाजिक, आर्थिक रूपान्तरण गर्ने ।

२. नेपाली समाजमा विद्यमान वर्गीय, जातीय, लैङ्गिक र क्षेत्रीय विभेद अन्त्य गर्दै युवा विकासका पाँच रणनीतिक आधारस्तम्भमा जोड दिई शान्त, समृद्ध र सङ्घीय गणतन्त्र नेपाल निर्माण गर्न भूमिका निर्वाह गर्ने ।

३. सन् २०२५ सम्म नेपाललाई द्रुत विकासशील राष्ट्रको तहमा लैजान युवाको भूमिकालाई केन्द्रमा राखी जनसाङ्ख्यिक लाभको सुनौलो अवसर लिन युवामा व्यापक लगानी गर्दै राष्ट्रिय समृद्धि हासिल गर्न उत्कृष्ट युवा मानव संसाधन विकास गर्ने ।

४. गुणस्तरीय र व्यावसायिक शिक्षाले मात्र योग्य, असल र सबल युवा तयार गर्ने भएकाले शिक्षा पद्धतिमा व्यापक सुधार गर्ने, शिक्षालाई दुई वर्ग र विभेद जन्माउने कारक बन्न नदिन सबैका लागि समान अवसर र पहुँच सुनिश्चित गर्ने ।

५. विश्व प्रतिस्पर्धी शैक्षिक जनशक्ति तयार गर्न सामुदायिक विद्यालयमा अङ्ग्रेजी भाषालाई शिक्षाको माध्यम भाषाका रूपमा क्रमशः प्रवर्द्धन गर्ने ।

६. मर्यादित रोजगारी सिर्जना गर्न अन्वेषण, अनुसन्धान र सूचना-प्रविधिमा विशेष जोड दिने । त्यसका लागि युवाहरुका निम्ति रोजगारसम्बन्धी सूचना र कार्यक्रममा पहुँच बढाउन युवा परामर्श सेवा, सूचना केन्द्र लगायतका आवश्यक संरचना निर्माण गर्ने ।

७. नागरिक र मानवीय शिक्षा दिई असल युवा तयार गर्ने, श्रमको सम्मान गर्ने र कामलाई संस्कृतिका रूपमा विकास गर्ने युवा तयार गर्ने ।

८. राजनीतिक स्थिरता कायम गर्दै स्वदेशी तथा विदेशी लगानीको वातावरण तयार गर्ने ।

९. पर्यटन, कृषि, जलस्रोत, उर्जा, वन, पूर्वाधार र जडिबुटी लगायत सम्भावित आर्थिक वृद्धिका महत्वपूर्ण क्षेत्रमा लगानी वृद्धि गरी युवा रोजगारी र उद्यमशीलता सिर्जना गर्ने । कृषि उपजलाई प्रशोधनका माध्यमबाट मूल्य अभिवृद्धि गर्दै औद्योगिक जनशक्ति तयार गर्न युवाको व्यापक सहभागिता वृद्धि गर्ने ।

१०. बाह्य श्रमिकहरुको निर्भरता कम गर्न हालको विप्रेषणलाई आन्तरिक उत्पादन र उद्यमशीलतामा लगानी गरी स्वदेशमै रोजगारी सिर्जना गर्दै अदक्ष कामदारलाई विदेश पठाउन निरुत्साहित गर्ने ।

११. राष्ट्रिय समृद्धिका लागि गैर आवासीय नेपालीलाई स्वदेशसँग जोड्दै उनीहरूको लगानी, सिप र उद्यमशीलतालाई स्वदेश भित्र्याउने ।

१२. श्रम बजारको विश्वव्यापीकरणलाई चुनौती र अवसरका रूपमा लिंदै प्रतिस्पर्धी युवा जनशक्ति तयार गर्ने ।

१३. सिपयुक्त र उद्यमी युवालाई राष्ट्रिय समृद्धिको मेरुदण्ड बनाउन अरु क्षेत्रगत निकायहरुसँग समन्वय गरी आन्तरिक रोजगारीमा उत्प्रेरित गर्न आवश्यक वातावरण तयार गर्ने ।

१४. स्वास्थ्यमा कुल गार्हस्थ्य उत्पादनको ४ प्रतिशत लगानी गरी विपन्न र गम्भीर प्रकृतिका रोग लागेका युवाको उपचारका लागि राज्यले दायित्व वहन गर्ने, युवाको प्रजनन र मानसिक स्वास्थ्यमा लगानी बढाउने ।

१५. युवालाई स्वस्थ र निरोगी बनाउन योग, ध्यान, प्राणायाम, आत्मसुरक्षा कला, प्राकृतिक तथा आत्म उपचार पद्धति प्रवर्द्धन गर्ने ।

१६. विशेष प्राथमिकताको समूहमा रहेका युवाको सामाजिक सुरक्षामा राज्यको लगानी बढाउने ।

१७. स्वयंसेवालाई आम युवासंस्कृति र अभियानको रूपमा विकास गर्ने ।

१८. जातीय छुवाछूत, लैंगिक हिंसा, भेदभाव जस्ता सामाजिक कुरीति विरुद्ध युवा अभियान सञ्चालन गर्ने ।

१९. युवामा सकारात्मक सोच र आत्मविश्वासको विकास गराउँदै इमान्दार, दूरदर्शी, राष्ट्रको भविष्यप्रति आशावादी र सक्षम युवा नेतृत्व विकास गर्ने ।

२०. नैतिक शिक्षा,योग, ध्यान, प्राणायाम, आत्मचिकित्सा, प्राकृतिक चिकित्सा, आत्मसुरक्षा कला, अनुशासन र खेलकुदका माध्यमबाट युवालाई दुर्व्यसन, हिंसा र कुलतबाट मुक्त गरी पुनःस्थापना गर्ने ।

२१. विज्ञान प्रविधिको उपयोग गर्दै वन तथा वातावरण संरक्षण र विश्व जलवायु परिवर्तनका प्रभाव न्यूनीकरणका लागि युवालाई परिचालन गर्ने ।

२२. राष्ट्रिय र अन्तर्राष्ट्रिय शान्ति, विकास र भ्रातृत्वका लागि सहकार्यको संस्कृति विकास गर्ने ।

२३. युवा प्रतिभा पहिचान गरी प्रोत्साहन गर्दै राष्ट्र निर्माणमा उनीहरूको भूमिका सुनिश्चत गर्ने ।

२४. स्वस्थ र सबल युवा निर्माणका लागि खेल र मनोरञ्जनमा लगानी बढाउँदै खेलका माध्यमबाट राष्ट्रिय एकता र अन्तर्राष्ट्रिय पहिचान निर्माण गर्ने ।

२५. खेल र मनोरञ्जनलाई नेपालको भौगोलिक विशेषतासँग जोड्ने, साहसिक खेल, कला र संस्कृतिलाई पर्यटन र मनोरञ्जनसँग जोड्ने ।

## २.९ परिमाणात्मक लक्ष्य सूचक

'युथ भिजन - २०२५' ले युवा विकासका मूल खम्बाहरूलाई आधार मानी हरेक पाँच वर्षका लागि निम्न अनुसार परिमाणात्मक लक्ष्य मापन सूचक तय गरेको छ । युवा विकासका लागि आगामी १० वर्षमा जोड दिनुपर्ने मूल क्षेत्रलाई मात्र परिमाणात्मक लक्ष्य सूचकमा समावेश गरिएको छ ।

### २.९.१ आधारस्तम्भ १ :गुणस्तरीय र व्यावसायिक शिक्षा

**लक्ष्य**

लक्ष्य १ : युवा निरक्षरता उन्मूलन गरी शतप्रतिशत कार्यमूलक साक्षरता अभियान सञ्चालन गरिएको हुने ।

लक्ष्य २ : प्राविधिक, सिपमूलक र व्यावसायिक शिक्षा विस्तार भई कुल विद्यार्थीको एक चौथाइ विद्यार्थी यस क्षेत्रमा भर्ना भएको हुने ।

लक्ष्य ३ : शिक्षामा कूल गार्हस्थ्य उत्पादनको ५ प्रतिशत लगानी भएको हुने र शिक्षाको कूल बजेटको उच्च शिक्षामा छुट्याइएको लगानीलाई दोब्बर बनाइएको हुने ।

लक्ष्य ४ : युवालाई गुणस्तरीय र व्यावसायिक शिक्षा प्रदान गर्न व्यवस्थापन, पाठ्यक्रम, संस्थागत संरचना, सिकाइ आदिमा समयानुकुल सुधार गरिएको हुने ।

लक्ष्य ५ : शिक्षामा लैङ्गिक समानता कायम गरी विशेष प्राथमिकतामा राखिएका युवा विद्यार्थीको पहुँच सुनिश्चित भएको हुने ।

**तालिका ३ : पहिलो आधारस्तम्भका परिमाणात्मक लक्ष्य सूचकहरू**

| गुणस्तरीय तथा व्यावसायिक शिक्षा (सूचकहरू) | विद्यमान अवस्था | लक्ष्य | |
|---|---|---|---|
| | | २०२० | २०२५ |
| १) औपचारिक शिक्षा प्राप्त गरेकामध्ये सिपमूलक शिक्षा प्राप्त गर्नेको प्रतिशत | ५[१७] | १५ | २५ |
| २) शिक्षाको कूल बजेटको प्राविधिक र सिप मूलक शिक्षामा लगानी प्रतिशत | २.३ | १० | १५ |
| ३) युवा साक्षरता (प्रतिशत)<br>लैङ्गिक असमानता (युवा साक्षरतामा) | ७१[१८]<br>०.९० | १००<br>१ | १००<br>१ |
| ४) क) उच्च शिक्षामा उत्तीर्ण हुने विद्यार्थी प्रतिशत<br>ख) उच्च मा.वि. मा उत्तीर्ण प्रतिशत (१२ कक्षा) | १२.७<br>४७.५५[१९] | ३८<br>६५ | ५०<br>७५ |
| ५) उच्च शिक्षामा छात्र र छात्राको अनुपात | ०.७१ [२०] | ०.९० | १ |

### २.९.२ आधारस्तम्भ २ : रोजगारी, उद्यमशीलता र सिप विकास

**लक्ष्य**

लक्ष्य १ : उच्च शिक्षा प्राप्त युवामा रहेको बेरोजगारी दर ५ प्रतिशतमा र अर्ध बेरोजगारी दर १० प्रतिशतभन्दा कममा झारिएको हुने ।

लक्ष्य २ : अदक्ष युवा श्रमशक्ति वैदेशिक रोजगारका लागि विदेश पठाउने दर शून्य भएको हुने र वैदेशिक रोजगारीका लागि विदेश जाने अहिलेको सङ्ख्या दुईतिहाइले घटेको हुने ।

[१७] ILO, 2014

[१८] MoYS, 2014

[१९] MoE/GoN, 2013/14

[२०] MoE, 2014

लक्ष्य ३ : कूल विप्रेषणको २० प्रतिशत उत्पादनका क्षेत्रमा पुऱ्याई आन्तरिक लगानी, उद्यमशीलता विकास र रोजगारी सिर्जना गरिएको हुने ।

लक्ष्य ४ : वार्षिक पर्यटकको सङ्ख्या २० लाख पुऱ्याई पर्यटनमा तिन लाख प्रत्यक्ष रोजगारी सिर्जना गरिएको हुने ।

लक्ष्य ५ : रोजगारीमा लैङ्गिक असमानता अन्त्य गरी विशेष प्राथमिकतामा रहेका युवाको पहुँच वृद्धि भएको हुने ।

लक्ष्य ६ : कृषि, पर्यटन, जलस्रोत, वन, जडिबुटी पूर्वाधार, उद्योगमा लगानी वृद्धि गरी सन् २०२५ सम्म वार्षिक थप ५ लाख युवा श्रमशक्तिका लागि रोजगारी सिर्जना भएको हुने ।

लक्ष्य ७ : सीमान्तकृत, अल्पसंख्यक, अपाङ्गता भएका युवाहरूको बेरोजगारी दर चारगुणाले घटेको हुने ।

लक्ष्य ८: विश्वविद्यालय स्नातक युवाहरुको सहकारीमार्फत युवा स्वरोजगारका अवसर बढेको हुने ।

**तालिका ४ : दोस्रो आधारस्तम्भका परिमाणात्मक लक्ष्य सूचकहरू**

| सिप विकास, रोजगारी र उद्यमशीलता (सूचकहरू) | विद्यमान अवस्था | लक्ष्य | |
|---|---|---|---|
| | | २०२० | २०२५ |
| १) क) युवा पूर्ण बेरोजगारी दर (१५-२९ वर्ष)<br>ख) युवा अर्ध बेरोजगारी (१५-२९ वर्ष) | १९ प्रतिशत[२१]<br>२८.९ प्रतिशत[२२] | १२ प्रतिशत<br>१८ प्रतिशत | ५ प्रतिशत<br>१० प्रतिशत |
| २) उच्च शिक्षा प्राप्त गरेकाहरूको बेरोजगारी दर | २६.१[२३] | १३ | ५ |
| ३) वैदेशिक रोजगारी<br>दैनिक विदेश जानेको सङ्ख्या<br>दक्ष<br>अर्धदक्ष<br>अदक्ष | <br>१,५००[२४]<br>१ प्रतिशत<br>२५ प्रतिशत<br>७४ प्रतिशत[२५] | <br>७५०<br>२० प्रतिशत<br>७० प्रतिशत<br>१० प्रतिशत | <br>३७५<br>५० प्रतिशत<br>५० प्रतिशत<br>० |
| ४) वार्षिक प्रत्यक्ष रोजगारी सिर्जना | ३५ हजार | २ लाख | ३ लाख २५ हजार |
| ५) विप्रेषणबाट पुनः उत्पादनमा लगानी दर | २ प्रतिशत[२६] | १० प्रतिशत | २० प्रतिशत |

[२१] ILO, 2014
[२२] ILO, 2014
[२३] ILO, 2014
[२४] MoF/GoN. 2071. Economic Survey, 2070-71.
[२५] CBS, National Living Standard Survey 2011/12
[२६] नेपाल जीवनस्तर मापन सर्भे, २०११/०१२ । काठमाडौं : केन्द्रीय तत्थ्याङ्क विभाग । नेपाल सरकार ।

| | | | |
|---|---|---|---|
| ६) क) लघु उद्यम तथा युवा स्वरोजगार<br>ख) कूल लगानी | २८ हजार<br>२ अर्ब ६७ करोड[२७] | ६० हजार<br>१० अर्ब | १ लाख २० हजार<br>२० अर्ब |
| ७) आर्थिक उत्पादनमा युवा सहभागिता दर (प्रतिशत) | ५५.४[२८] | ६५ | ७५ |
| ८) सिमान्तकृत, अल्पसंख्यक, अपाङ्गता भएका युवाहरूको बेरोजगारी दर | २३[२९] | ९ | ५ |
| ९) आम रोजगारी पाउनेमा लैङ्गिक असमानता अनुपात | ०.५०[३०] | ०.७५ | १ |
| १०) युवा रोजगारी क्षेत्र प्रतिशत<br>उद्योग<br>सेवा | <br>६.८ प्रतिशत<br>१९.३ प्रतिशत[३१] | <br>१० प्रतिशत<br>२३ प्रतिशत | <br>१३.६ प्रतिशत<br>३० प्रतिशत |
| ११) घरायसी कामकाजमा संग्लग्न कूल युवा महिला को प्रतिशत (१६ देखि ४० वर्ष उमेर समूह) | ३४.२ प्रतिशत[३२] | २२ प्रतिशत | १७.१ प्रतिशत |
| १२) वार्षिक सिपमूलक तालिम (सरकारी तहबाट) | ६८ हजार | १.५ लाख | २ लाख |

### २.९.३ आधारस्तम्भ ३: युवा स्वास्थ्य र सामाजिक सुरक्षा

**लक्ष्य**

लक्ष्य १ : स्वास्थ्य क्षेत्रमा हुने लगानी कूल गार्हस्थ्य उत्पादनको ४ प्रतिशत पुऱ्याई युवा लक्षित स्वास्थ्य कार्यक्रमहरू सञ्चालन गरिएको हुने ।

लक्ष्य २ : विपन्न र विशेष प्राथमिकतामा परेका युवालाई लक्षित गरी सामाजिक सुरक्षाको दायरालाई हालको २५ प्रतिशतबाट ६० प्रतिशतसम्म पुऱ्याइएको हुने ।

लक्ष्य ३ : युवामा लैंगिक हिंसा, मानव बेचबिखन, प्रजनन स्वास्थ्य, लागू पदार्थ दुर्व्यसन, एचआईभी/एड्स तथा यौन स्वास्थ्य सचेतनामा व्यापक सुधार भएको हुने ।

**तालिका ५ : तेस्रो आधारस्तम्भका परिमाणात्मक लक्ष्य सूचक**

[२७] MoF/GoN. 2014. Economic Survey 2013-14.
[२८] MoYS. 2014. Nepali Youth in Figures. 2014. Kathmandu: Ministry of Youth and Sports. (Based on CBS data 2011).
[२९] ILO, 2014
[३०] MoYS. 2014. Nepali Youth in Figures. 2014. Kathmandu: Ministry of Youth and Sports. (Based on CBS data 2011).
[३१] ILO. 2014. Labor market transition of young women and men in Nepal.
[३२] MoYS. 2014. Nepali Youth in Figures. 2014. Kathmandu: Ministry of Youth and Sports. (Based on CBS data 2011).

| स्वास्थ्य र सामाजिक सुरक्षा (सूचकहरू) | विद्यमान अवस्था | लक्ष्य | |
|---|---|---|---|
| | | २०२० | २०२५ |
| १) गम्भीर प्रकृतिका नसर्ने रोग लागेका युवाको कूल उपचार खर्चमध्ये राज्यले व्यहोर्ने खर्च प्रतिशत (वार्षिक) | २५ अनुमानित | ५० | ७५ |
| २) लैङ्गिक हिंसा पीडित दर | २८[३३] | १४ | <५ |
| ३) पहिलो पटक लागू पदार्थ दुव्यर्सनमा पर्ने युवाको प्रतिशत (१५-१९ वर्ष) | ५३.४[३४] | २६.७ | १३.३ |
| ४) एचआईभी/एड्ससम्बन्धी ज्ञान भएका किशोर किशारीको प्रतिशत | २९.८[३५] | ८० | ९८ |
| ५) प्रजनन दर (दुर्गम र मधेश क्षेत्र) | ४.६[३६] | ३ | २.३ |
| ६) सुधारिएको सरसफाइमा दिगो पहुँच | ६२[३७] | ८० | >९५ |

### २.९.४ आधारस्तम्भ ४: परिचालन, सहभागिता र नेतृत्व विकास

**लक्ष्य**

लक्ष्य १ : सामाजिक, आर्थिक रूपान्तरण र वातावरणीय समस्या हल गरी राष्ट्र निर्माण गर्न युवा स्वयंसेवालाई आम संस्कृतिका रूपमा विकास गरिएको हुने ।

लक्ष्य २ : राष्ट्रिय नेतृत्व विकास प्रतिष्ठान मार्फत विभिन्न क्षेत्रका राष्ट्रिय स्तरका १,००० युवालाई हरेक वर्ष आवधिक तालिम दिई नेतृत्व विकास गरिएको हुने ।

लक्ष्य ३ : राजनीति, निर्णय प्रक्रिया र विकास-निर्माणमा युवा सहभागिता बढेको र नेतृत्व विकास भएको हुने ।

**तालिका ६ : चौथो आधारस्तम्भका परिमाणात्मक लक्ष्य सूचक**

| परिचालन, सहभागिता र नेतृत्व विकास (सूचकहरू) | विद्यमान अवस्था | लक्ष्य | |
|---|---|---|---|
| | | २०२० | २०२५ |
| १) वार्षिक स्वयंसेवक परिचालन सङ्ख्या | | | |
| नियमित स्वयं सेवक | ७५०[३८] | १,५०० | २,५०० |
| आकस्मिक स्वयं सेवक | - | १,५०,००० | २,००,००० |
| २) स्थानीय निकायमा युवा सहभागिता प्रतिशत | -- | २५ | ५० |
| स्थानीय निकायमा युवा विकासका लागि बजेट प्रतिशत | नभएको | १० | १० |

[३३] PMO/GoN. 2012. लैङ्गिक हिंसाका बारेमा नेपालका छानिएका ग्रामीण जिल्लाहरूमा गरिएको एक अध्ययन ।

[३४] MoWCW /GoN. 2011. The State of Children of Nepal 2011.

[३५] नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण । २०११ । काठमाडौं : स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, यू.एस.एड. र न्यू एरा ।

[३६] CBS, 2011

[३७] MDGs, GoN. 2014.

[३८] राष्ट्रिय योजना आयोग, स्वरोजगार कोष लगायतले परिचालन गर्ने स्वयं सेवकहरू ।

| | | | |
|---|---|---|---|
| ३) युवा आदान-प्रदान कार्यक्रममा सहभागी सङ्ख्या | ३०० | ६०० | १,२०० |
| ४) संसद्मा युवा प्रतिशत (३५ वर्षभन्दा कम उमेर समूहको) | ७ प्रतिशत[३९] | १० प्रतिशत | १५ प्रतिशत |
| ५) नेतृत्व तालिम लिने युवाको सङ्ख्या (वार्षिक) | – | ५०० जना | १,००० जना |

### २.९.५ आधारस्तम्भ ५: खेलकुद र मनोरञ्जन

**लक्ष्य**

लक्ष्य १ : दक्षिण एसियाली खेलकूदमा सम्मानजनक पदक हासिल, एसियाली खेलमा सम्मानजनक प्रतिस्पर्धा र पदक हासिल, ओलम्पिक खेलमा पदकमा प्रवेश र ICC एक दिवसीय क्रिकेट खेलमा मान्यता प्राप्त गरी विश्वकपमा प्रवेश गरेको हुने ।

लक्ष्य २ : खेल पूर्वाधार तथा मनोरञ्जनका क्षेत्रमा व्यापक सुधार विस्तार गर्न हालको लगानीमा वृद्धि गरी कूल बजेटको २ प्रतिशत पुऱ्याइएको हुने ।

लक्ष्य ३ : खेलकुदलाई विद्यालयस्तरबाट विकास गर्न एक मा.वि. एक खेल मैदान र एक खेल शिक्षकको व्यवस्था भएको हुने ।

**तालिका ७ : पाँचौं आधारस्तम्भका परिमाणात्मक लक्ष्य सूचक**

| खेलकुद र मनोरञ्जन (सूचकहरु) | विद्यमान अवस्था | लक्ष्य | |
|---|---|---|---|
| | | २०२० | २०२५ |
| १) दक्षिण एसियाली खेलमा स्थान | चौथो | तेस्रो | दोस्रो |
| २) एसियाली खेलमा पदक सङ्ख्या | १ | ५ | १० |
| ३) क्रिकेट | ACC Twenty 20 Qualifier<br>ICC Division 1 Qualifier | आइसीसी Twenty 20 world cup<br>ICC world cup | ICC Top 12 Rank |

[३९] ४० वर्षलाई युवा मान्दा ।

| | | | |
|---|---|---|---|
| ४) ओलम्पिक क्वालिफाइङ हुने खेल सङ्ख्या, | | ५ | ७ |
| ५) कूल बजेटको खेलकुदमा लगानी प्रतिशत | ०.२३ | १.५ | २ |

## परिच्छेद ३: दश वर्षे रणनीतिक योजना र कार्यक्रम

'युथ भिजन - २०२५' ले आत्मसात गरेका दूरदृष्टि,  दीर्घकालीन लक्ष्य, उद्देश्य प्राप्तिका लागि युवा विकासका पाँच आधारस्तम्भहरुको स्थिति विश्लेषण सहित दश वर्षे क्षेत्रगत रणनीति एवं योजना तथा कार्यक्रम तय गरिएको छ ।

### ३.१ आधारस्तम्भ १: गुणस्तरीय र व्यावसायिक शिक्षा

नेपाली युवाको शैक्षिक क्षेत्रको सम्पूर्ण परिस्थिति, सम्भावना र चुनौतीका आधारमा निम्नलिखित रणनीति, योजना तथा कार्यक्रम तय गरिएको छ ।

### ३.१.२ क्षेत्रगत रणनीति

गुणस्तरीय र व्यावसायिक शिक्षातर्फ निम्न रणनीति अवलम्वन गरिने छ ।

१) शिक्षामा आमूल सुधार ल्याई आम युवाका लागि गुणस्तरीय, प्राविधिक र व्यावसायिक शिक्षामा जोड दिने ।

२) विज्ञान र सूचना प्रविधिमा युवाको पहुँच स्थापित गर्ने ।

### ३.१.३ योजना तथा कार्यक्रम

गुणस्तरीय र व्यावसायिक शिक्षातर्फ निम्नानुसारका योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

**सबैका लागि निःशुल्क अनिवार्य माध्यामिक शिक्षा**

- 'सबैका लागि शिक्षा' को सार्थकताका लागि राज्यले उच्च माध्यमिक तहसम्मको शिक्षालाई अनिवार्य तथा निःशुल्क बनाउँदै सबै युवाको शिक्षामाथिको पहुँच सुनिश्चित गर्न कार्यक्रम सञ्चालन गर्ने ।

- पछाडि परेका दलित, गरीब, जनजाति, महिला, अपाङ्गता भएका, मुस्लिम, मधेशी, अल्पसङ्ख्यक, सिमान्तकृत, कर्णाली र यौनिक अल्पसङ्ख्यक युवाका लागि विशेष शैक्षिक कार्यक्रम सञ्चालन गर्ने । उनीहरूको सिकाइलाई गुणस्तरीय बनाउन युवा शिक्षक स्वयंसेवा कार्यक्रम सञ्चालन गर्ने ।
- उच्च शिक्षा गुणस्तरीय बनाउन लगानी वृद्धि श्रम बजार र देशको राष्ट्रिय आवाश्यकतालाई मध्यनजर गरी उच्च शिक्षामा लगानी वृद्धि गर्ने र उच्च शिक्षामा प्रतिस्पिर्धी, सक्षम र रोजगार प्राप्त गर्न सक्ने शैक्षिक जनशक्ति उत्पादन गर्ने ।
- शिक्षालाई क्रमशः विश्वस्तरीय र प्रतिस्पिर्धी बनाउन सरकारी पहलबाट नेपालका र विश्वका अन्य विश्वविद्यालयसँग सम्झौता गरी क्रेडिट ट्रान्सफर सिस्टम विकास गर्ने र सोही अनुसारको शैक्षिक संरचना र गुणस्तर कायम गरिने ।

**खुला विश्वविद्यालय प्रवर्द्धन**

- विश्वविद्यालयमा नियमित उपस्थित हुन नसक्ने, भर्ना हुन नसक्ने र रोजगारीमा संग्लग्न ठुलो युवा शक्तिलाई उच्च शिक्षामा सहभागी गराउन खुला विश्वविद्यालय स्थापना गर्ने । यसको महत्व तथा औचित्य झल्किने खाले सूचना प्रचार प्रसार गरी रोजगारीमा लागेका तथा उद्यमी युवालाई यसतर्फ आकर्षित गर्ने ।

**तालिम र सिपमा जोड**

- अल्पसङ्ख्यक, सिमान्तकृत, जोखिममा रहेका, अपाङ्गता भएका, कर्णाली र पिछडिएको क्षेत्रका युवालाई प्राथमिकता दिई युवाका लागि कृषि तथा पशुपालन, घरेलु उद्यम, पर्यटन, उर्जा/जलविद्युत, वन विज्ञान, जडीबुटी उत्पादन तथा प्रशोधन, कम्प्युटर लगायतका क्षेत्रमा सहभागिता तथा उद्यमशीलता बढाउने खालका व्यावसायिक शिक्षा, तालिम र सिप प्रदान गर्न कार्यक्रम सञ्चालन गर्ने ।

**आधुनिकीकरण र प्रविधि विकास**

- नेपालका सम्भावना भएका आर्थिक क्षेत्रलाई आधुनिकीकरण गर्न र प्रविधिको विकास गर्न युवालाई विशेष सहयोग र सहुलियत प्रदान गर्ने ।
- युवा अध्ययन र अनुसन्धानका लागि राष्ट्रिय युवा परिषद्को संस्थागत क्षमता विकास गरी कार्यक्रम सञ्चालन गर्ने ।

**एक निर्वाचन क्षेत्र एक प्राविधिक शिक्षालय**

- प्राविधिक, सिप मूलक र व्यावसायिक जनशक्ति निर्माण तथा विकासलाई विशेष महत्व दिई सोही अनुरूप प्राविधिक शिक्षालय स्थापनाका लागि पाँच वर्षभित्र हरेक जिल्लामा र १० वर्षभित्र हरेक निर्वाचन क्षेत्रमा सुविधा सम्पन्न बहु प्राविधिक शिक्षालय स्थापना गरिने ।
- भौगोलिक सम्भावनालाई मध्यनजर गरी उद्यमशीलता विकास, जडिबुटी, कृषि, फलफूल, पशुपालन, प्लम्बिङ, मेकानिकल, इलेक्ट्रिसियन आदि विषयमा अध्ययन तथा सिप विकासका अवसर प्रदान गरिने ।

**अध्ययनका लागि कर्जा**

- देशलाई आवश्यक जनशक्ति उत्पादन गर्न उच्चशिक्षा हासिल गर्न इच्छुक र आर्थिक स्रोतको अभाव भएका युवालाई वित्तीय संस्थाहरूमार्फत् सहज रूपमा ऋण उपलब्ध गराइने ।
- यसमा व्यावसायिक तालिम र सिपमूलक शिक्षा अध्ययन गर्न चाहने युवालाई विशेष प्राथमिकता दिइने ।

**शिक्षामा गुणस्तर मापन र प्रोत्साहन**

- शिक्षाको गुणस्तर मापन तथा अनुगमनलाई वस्तुगत सूचकमा आधारित बनाई कडाइका साथ लागू गर्दै जाने र गुणस्तर मापनमा कमजोर देखिएका विद्यालय र विश्वविद्यालयलाई दण्डित गर्ने र राम्रो गुणस्तर कायम गर्ने शैक्षिक संस्थाहरूलाई पुरस्कृत गर्ने व्यवस्था गरिने ।
- शैक्षिक स्तरमा सुधार गर्ने सामुदायिक विद्यालयको व्यवस्थापन समिति, विद्यालय प्रशासन, विद्यार्थी र शिक्षकलाई राज्यले शैक्षिक सुविधाहरू, भौतिक सहयोग र छात्रवृत्ति प्रदान गर्ने ।

**अध्ययनशील युवा विकास कार्यक्रम**

- पाँच वर्षभित्रमा ७५ जिल्लाका युवा सूचना केन्द्रहरूलाई सबल गर्दै स्रोतसाधन सम्पन्न पुस्तकालयहरू स्थापना गर्ने र आगामी १० वर्षमा सबै निर्वाचन क्षेत्रमा बिस्तार गर्ने ।
- अनौपचारिक नागरिक शिक्षाको महत्वलाई आत्मसात् गरी युवालाई अध्ययनशील, सचेत र जागरुक बनाउन आगामी १० वर्षभित्र हरेक गा.वि.स. मा ग्रामीण युवा पुस्तकालय निर्माण गर्ने ।
- युवा सहभागिता र स्थानीय स्रोतसाधनको परिचालन गरी स्थानीय निकाय, गैर सरकारी संस्थाहरू, विद्यालय, निजी संस्थाहरूसँग साझेदारी विकास गरी कार्यक्रम प्रभावकारी बनाउने ।

**अंग्रेजी लगायत अन्तर्राष्ट्रिय भाषा सिकाइ**

- विद्यालय तहदेखि नै भाषा विषय बाहेक अंग्रेजी भाषाका माध्यमबाट पठन पाठनमा क्रमशः प्रोत्साहन गर्दै जाने ।
- युवा रोजगारी र वृत्ति विकासका लागि विद्यालय/कलेजमा अंग्रेजी र अन्य विदेशी भाषाका कक्षा सञ्चालन गर्ने ।
- पर्यटन र रोजगारीलाई मध्यनजर गरी विदेशी भाषा कक्षाहरू सञ्चालन गर्ने ।

**युवा विद्वत् छात्रवृत्ति**

- युवा तथा खेलकुद मन्त्रालय, शिक्षा मन्त्रालय र विश्वविद्यालयहरूको समन्वयमा सम्भावित देशहरूसित विभिन्न विषयमा उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरी देशका लागि आवश्यक दक्ष शिक्षित जनशक्ति तयार गर्न प्रतिस्पर्धी र सक्षम युवालाई वैदेशिक छात्रवृत्ति उपलब्ध गराइने ।

**युवा शिक्षण स्वयंसेवा कार्यक्रम**

- अल्पसङ्ख्यक, आदिवासी, दलित बाहुल्य ग्रामीण र दुर्गम क्षेत्रका विद्यालयमा अंग्रेजी भाषा, गणित र विज्ञान विषय पठन पाठनका लागि बेरोजगार तर सक्षम र योग्य स्नातकलाई जीवन निर्वाह भत्ता प्रदान गरी १ वर्षे युवा शिक्षण स्वयं सेवा कार्यक्रम सञ्चालन गर्ने ।
- उच्च माध्यमिक तह देखि विद्यावारिधी तह सम्मको पाठ्यक्रममा निश्चित समयको स्वयंम सेवा कार्यलाई अनिर्वाय रुपमा समावेश गर्दै लैजाने ।

**ग्रामीण र विपन्न वर्गको शैक्षिक सुधारका लागि निजी क्षेत्रको दायित्व र सहकार्य**

- संस्थागत विद्यालयको लगानी र समन्वयमा *एक संस्थागत विद्यालय एक स्वयं सेवक*को नीति तय गरी ग्रामीण, विपन्न र पिछडिएका जनताका बालबालिकाको शैक्षिक अवस्थामा सुधार ल्याउन सहकार्य गर्ने ।
- अंग्रेजी भाषा शिक्षणका तालिम चलाउने ।
- ग्रामीण र दुर्गम स्थानमा मितेरी विद्यालय स्थापना गर्न लगाएर सुधारका लागि योगदान गर्न लगाउने ।
- पठन पाठन, खेलकुद, कला र साहित्यमा उत्कृष्ट प्रतिभा प्रदर्शन गर्ने सामुदायिक विद्यालयका छात्रछात्रालाई छात्रवृत्ति उपलब्ध गराउने ।

**एउटा जिल्लामा एउटा नमुना सामुदायिक आवसीय विद्यालय**

- हरेक जिल्लामा उत्कृष्ट सामुदायिक विद्यालयहरुमध्येबाट एउटा नमुना सामुदायिक आवसीय विद्यालय निर्माण गर्ने नीति अवलम्वन गर्ने ।
- जिल्लाका हरेक विद्यालयबाट समावेशिताका आधारमा जेहन्दार विद्यार्थी छनौट गरी पठन पाठन गराइने व्यवस्था गर्ने ।

**युवा साक्षरता तथा तालिम सिप विकास एकीकृत कार्यक्रम**

- युवा साक्षरतालाई सिप विकास र उद्यमशीलता तालिमसँग जोड्दै स्थानीय विद्यालयसँगको समन्वयमा एकीकृत कार्यक्रम सञ्चालन गर्ने ।
- युवा, विशेषतः महिला साक्षरता कम भएका कर्णाली तथा पिछडिएको क्षेत्र र तराईका जिल्लामा युवा साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।

- साक्षरता कार्यक्रमलाई बोक्सी, छाउपडी, महिला हिंसा जस्ता सामाजिक कुरीति, जातीय भेदभाव र छुवाछुत विरुद्धको सामाजिक सचेतना अभियानसँग जोड्ने ।

**आईटी पार्कको विकास**

- केन्द्रीय सुविधा सम्पन्न आईटी पार्कको स्थापना गरी सम्भावना भएका अन्य सहरमा यो सोचलाई बिस्तार गर्ने । युवा मन्त्रालयले विज्ञान प्रविधि मन्त्रालयको समन्वयमा युवा र आईटीसम्बन्धी राष्ट्रिय गोष्ठी गरी आईटी रणनीति तय गर्ने ।
- आईटी पार्क लोडसेडिङ र बन्द हडताल गर्न नपाइने निषेधित क्षेत्र घोषणा गर्ने ।
- उक्त क्षेत्रमा युवा तालिम र आईटी पठन पाठनका संस्थाहरू स्थापना गरिने ।

**शैक्षिक तथा रचनात्मक युवा प्रोत्साहन कार्यक्रम**

- स्थानीय ज्ञान र सिप, विज्ञान प्रविधि, वातावरण शिक्षा, सार्वजनिक शिक्षा, आईटी क्षेत्र, कला, संस्कृति, भाषा र साहित्य विकासमा अनुकरणीय कार्य गर्ने युवामध्ये प्रत्येक विकास क्षेत्रबाट ६/६ जना छनौट गरी पुरस्कृत गर्ने ।

**'युथ भिजन - २०२५' छात्रवृत्ति कोष स्थापना**

- हरेक जिल्लाका सामुदायिक विद्यालयबाट एसएलसीमा उत्कृष्ट अंक ल्याउने १,००० जेहन्दार युवा विद्यार्थी (महिला, अपाङ्गता भएका युवा, विपन्न, कर्णाली, दलित, मुस्लिम, अल्पसङ्ख्यक, मधेशी, जनजाती आदि समावेशी) लाई मासिक ५ हजारका दरले दुई वर्षका लागि छात्रवत्ति प्रदान गर्न युवा छात्रवृत्ति कोष स्थापना गर्ने ।
- दोस्रो चरणमा उच्च शिक्षा प्राप्त गर्न चाहने जेहन्दार युवालाई छात्रवृत्ति प्रदान गर्ने गरी कार्यक्रम बिस्तार गर्ने ।

**लोपोन्मुख पेशा र सिप प्रवर्द्धन तथा प्रमाणीकरण**

- औपचारिक शिक्षाबाट वञ्चित युवालाई परम्परागत लोपोन्मुख पेशा र सिप प्रवर्द्धन गर्न अनौपचारिक शिक्षा, व्यावहारिक ज्ञान, सिप विकास र तालिमको व्यवस्था गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- युवाले परम्परागत लोपोन्मुख पेशाबाट अनौपचारिक रुपमा हासिल गरेका सिपलाई प्रमाणीकरण गरी प्रवर्द्धन गर्ने व्यवस्था मिलाउने ।

**युथ नलेज बैंक स्थापना**

- नेपाली युवा र संसारका विभिन्न राष्ट्रका युवाबीच 'नलेज एक्सेन्ज प्रोग्राम' सञ्चालन गर्ने । युवा अन्वेषण र अनुसन्धानका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्ने ।

**उद्यमशीलता र वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम**

- उद्यमशीलता र वित्तीय साक्षरता जस्ता कार्यक्रमबारे युवालाई जागरुक र सचेत बनाउन पाठ्यक्रममा यी कुरा समावेश गर्ने र यससम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।

**लैङ्गिक अल्पसङ्ख्यक शिक्षा**

- लैङ्गिक अल्पसङ्ख्यकहरूको जैविक र प्राकृतिक अवस्था ख्याल नगरी शैक्षिक क्षेत्रमा हुने गरेका विभेद विरुद्ध युवा सचेतना कार्यक्रम सञ्चालन गर्ने । यसका प्राकृतिक कारणहरूबारे जानकारी गराउन पाठ्यक्रममा विषयवस्तु समावेश गर्ने ।

**नागरिक र अविभावक शिक्षामा जोड**

- नागरिक र अविभावक शिक्षालाई पाठ्यक्रममा विशेष स्थान दिने ।
- शिक्षामा देश प्रेम, विभिन्न धर्म संस्कृतिका पक्षलाई सम्मान गर्ने, शान्ति र भ्रातृत्व विकास गर्ने, अधिकारप्रति सचेत र दायित्व बोध गर्ने खालका विषय पाठ्यक्रममा समावेश गर्ने ।

**गैर आवासीय नेपालीका छोराछोरीसँग भाषिक र सांकृतिक चेतना अभिवृद्धि गर्न कार्यक्रम**

- गैर आवासीय नेपालीका छोराछोरीलाई नेपाली भाषा, मातृभाषा र संस्कृति प्रवर्द्धनका कार्यक्रमहरू र युवा छात्रवृत्तिहरू मार्फत नेपालसँगको सम्बन्ध जीवित राख्दै अनुभव आदान प्रदान गर्ने ।
- उनीहरूको ज्ञान, सिप र प्रविधिलाई नेपाल भित्र्याउने ।
- विदेशमा गई ज्ञान विज्ञानका क्षेत्रमा नाम कमाएका नेपाली युवालाई हरेक देशमा नेपाली *युवा दूत* घोषणा गर्ने ।

### ३.२ आधार स्तम्भ २: रोजगारी, उद्यमशीलता र सिप विकास

#### ३.२.१ क्षेत्रगत रणनीतिः

रोजगारी, उद्यमशीलता र सीप विकासका लागि निम्न रणनीति अख्तियार गरिने छ ।

१) हाम्रो श्रमशक्तिलाई श्रमबजार र उधमशीलताका लागि प्रतिस्पर्धी र योग्य बनाउन गुणस्तरीय सिप र तालिमको व्यवस्था गर्न संस्थागत संरचना निर्माण गरी लगानीमा ब्यापक बृद्धि गर्ने ।

२) नेपालको तुलनात्मक लाभ र प्रर्तिस्पर्धी क्षेत्रमा ब्यापक आन्तरिक र बाह्य लगानीको वातावरण सिर्जना गरी उद्यमशील युवा निर्माण गर्ने र स्तरीय युवा रोजगारी सिर्जना गर्ने ।

३) बैदेशिक रोजगारलाई क्रमशः दक्ष श्रमशक्तिमा सीमित गर्दै जाने । विप्रेषणलाई अधिक रुपमा लगानीका रुपमा परिचालन गरी फर्किएको युवा शक्तिलाई उद्यमशीलता र रोजगारको वातावरण सृजना गर्ने ।

#### ३.२.२ योजना तथा कार्यक्रमः

रोजगारी, उद्यमशीलता र सीप विकासका लागि निम्नानुसारका योजना र कार्यक्रम सञ्चालन गरिने छ ।

- प्रत्येक वर्ष २ लाख नेपाली युवालाई विभिन्न क्षेत्रमा रोजगारी सिर्जना गर्ने गरी रोजगार नीति तयार गर्ने ।
- बहुउद्देश्यीय युवा सिप विकास र तालिम विकास केन्द्रको संरचना तयार गर्ने । पहिलो पटक पाँच विकास क्षेत्रमा पाँचबटा युवा सिप विकास तालिम केन्द्र निर्माण गर्ने र यसलाई जिल्ला स्तरमा विस्तार गर्दै जाने ।
- विभिन्न मन्त्रालय, गैरसरकारी संस्थाले सञ्चालन गर्दै आएका कार्यक्रमलाई एकीकृत गरी एकीकृत सिप विकास आयोजना (one door policy) सञ्चालन गर्ने ।
- वैदेशिक रोजगार अनुसन्धान प्रतिवेदन (status of foreign employment report) तयार गर्ने र सो रिपोर्टका आधारमा वैदेशिक रोजगारी दक्ष तथा अर्धदक्ष सिप विकास कार्यक्रम तयार गर्ने ।
- परम्परागत सिप विकास कार्यक्रमः : परम्परादेखि संग्लग्न दलित, आदिवासी र अल्पसंख्यक युवालाई विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्ने ।
- सामाजिक सुरक्षा कोषको आधा रकम युवा रोजगारी र उधमशीलता विकासको क्षेत्रमा लगानी गर्ने।
- युवा स्वरोजगार कोषबाट प्रदान गरिने ऋण बिना धितो बेरोजगार, विपन्न, दलित, जनजाती, मधेशी, महिला, मुश्लिम अपांगता भएका व्यक्तिको पहुँच हुने ब्यवस्था गर्ने ।
- युवा विप्रेषण लगानी तथा सामाजिक सुरक्षा कोषः कामदारको मासिक तलवको ५ प्रतिशत रकममा १ प्रतिशत रकम थप गरी त्यो कामदारका नाममा कोषमा जम्मा गरिनेछ । विरामी पर्दा, दुर्घटना हुँदा कामदारले त्यो रकम प्रयोग गर्न सक्नेछ । वैदेशिक रोजगारबाट फर्किएकाहरुले उद्यम गर्न चाहेमा कम्तिमा त्यसको दोब्बर ऋण लिई व्यवसाय तथा उद्यम गर्न पाउने छ ।
- युवा उत्थान बैक र युवा रोजगार प्रवर्द्धन केन्द्रको संरचना निर्माण गरी युवामा लगानी गर्नेः युवालाई शैक्षिक र तालिम सर्टिफिकेट राखी उद्यमशीलताका लागि ऋण प्रदान गर्ने । वार्षिकरुपमा १०,००० युवालाई प्रदान गर्ने ।युवालाई गुणस्तरीय शिक्षा र तालिमका लागि सस्तोमा ऋण प्रदान गर्ने । युवा रोजगार प्रवर्द्धन बोर्डले श्रमबजार अनुसार विभिन्न क्षेत्रमा सिपयुक्त सम्भावित स्वदेशी तथा विदेशी रोजगारी प्रवर्द्धन गर्ने । देशलाई कस्तो सीप विकास र श्रमशक्तिको आवश्यकता छ भन्नेबारे अध्ययन अनुसन्धान गर्ने । youth.com स्थापना गरी रोजगारी दिने कम्पनी र जागिरको खोजीमा रहेका युवाको बीचमा पुलको काम गरिदिने संरचना बनाउने । वार्षिक रुपमा रोजगार मेला आयोजना गर्ने ।

- कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गरी यस क्षेत्रमा पूर्ण रोजगारी श्रृजना गर्न  कृषि व्यवसाय तर्फ युवालाई आर्कषित गर्न कृषि मन्त्रालय र सम्बद्ध संस्थाहरुसँग सहकार्य गर्ने । कृषि विकास बैंकले प्रदान गर्ने ऋण ग्रामीण क्षेत्रका युवालाई परिचालन गर्न प्राथमिकता दिने ।
- युवा लक्षित कृषि कार्यक्रममार्फत हाई भ्यालु एग्रिकल्चर प्रोडक्सन सञ्चालन गर्ने । एक जिल्ला एक उत्कृष्ट युवा कृषक छनौट र सम्मान गर्ने ।
- नमुना कृषि फार्म स्थापना गर्नेः आफ्नो जिल्लाको विशेषता अनुरुप प्रत्येक जिल्लामा एक हजार युवा संलग्न गराउने ।
- कृषिमा प्रविधि भित्र्याउने : कृषिलाई आधुनिकीकरण गर्न नयाँ प्रविधि भित्र्याउने । युवालाई विशेष सहुलियत र अनुदान प्रदान गर्ने । गाई पालन, माछापालन, जडिबुटी खेति, उच्च मूल्य खेती (high value agriculture) र अर्गानिक खेतीमा युवा सहभागिता बढाउन सहुलियत ऋण प्रदान गर्ने ।
- निजी, सामुदायिक र सार्वजनिक वनको संरक्षण, संबर्द्धन र प्रवर्धन गरी वन पैददावारको समुचित उपयोग गर्न फलफूल, जडिबुटी तथा उच्च मूल्यका रुख विरुवाहरुमा लगानी बढाउने ।
- पाँच वर्षमा अहिलेको  वार्षिक  पर्यटक संख्यालाई दोब्बर बनाउने र १० वर्षमा २० लाख पुऱ्याउने । उल्लिखित संख्यामा पर्यटक भित्र्याउन पर्यटन क्षेत्रको विकासका लागि निम्नानुसार नीतिगत पहल र कार्यक्रम अघि बढाउने :

  - विभिन्न देशमा रहेका गैरआवासीय नेपाली युवालाई परिचालित गरी ती देशहरुमा नेपालको पर्यटन प्रवर्द्धनका निम्ति 'नेपाल चिनाऔं' अभियान सञ्चालन गर्ने ।
  - युवादूत बनाई पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु गर्ने । यसका लागि विभिन्न देशमा रहेका नेपाली राजदूतावासमार्फत समन्वय गर्ने ।
  - साहसिक खेल पर्यटनका लागि नेपाललाई प्रमुख गन्तव्य स्थलको रुपमा विकास गर्ने । प्रत्येक वर्ष साहसिक युवा खेल पर्यटन महोत्सव आयोजना गर्ने ।
  - पर्यटन प्रबर्द्धनका लागि गैर नपाली युवाको सहभागितामा नेपाल हाउस निर्माण गर्ने । नेपाल हाउसमा पर्यटन सम्बन्धि सूचना र नेपाल चिनाउने महत्वपूर्ण संग्रहालयहरुको शाखा निर्माण गर्ने ।
  - विभिन्न भाषा जानेका पाँच हजार नयाँ पर्यटक पथ प्रदर्शक (गाइड) तयार गर्ने ।

- उद्यमशीलता विकास गर्न निम्नानुसारका नीतिगत पहल र कार्यक्रम गरिने छः
  - अपांगता भएका व्यक्ति, दलित, महिला, अल्पसंख्यकहरुका लागि सरकारले करमा सहुलियत दिने र उद्यम दर्ता निशुल्क गर्ने छ ।
  - एक गाउँ एक युवा उद्यमी कार्यक्रम लागु गर्ने र देशैभरि प्रत्येक वर्ष पाँच हजार युवा उद्यमी जन्माउने । यसका लागि बैंकबाट उचित ऋणको व्यवस्था गर्ने ।
  - उद्यम गर्न चाहने युवालाई प्रमाणपत्र धितो राखेर ऋण दिने व्यवस्था मिलाउने जसमा बैंकले १० प्रतिशत सेयर लिने ।
  - उद्यमीले उत्पादन गरेको सामग्री बजारसम्म पुऱ्याउने र भण्डारणको व्यवस्था गर्ने ।
  - घरेलु उद्योग प्रोत्साहन र विकास कार्यक्रमः  हस्तकला, गलैचा, पश्मिना, तयारी पोशाक प्रवर्द्धन र विकासका लागि युवा कार्यक्रम संचालन गर्ने ।
  - कर्णाली जडिबुटी तथा बनस्पतिजन्य  उद्योग स्थापना गर्ने ।
  - युवा उद्यमी सञ्जाल निर्माण गर्ने ।
  - युवा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने ।
- युवा र आईटी उद्यमशीलताः
  - प्रविधि र सूचनामा आधारित निर्यातमूलक कम्पनी (outsourcing company) सञ्चालनमा युवालाई प्रोत्साहन गर्न विशेष सहुलियत प्रदान गर्ने ।
  - विदेशी आईटी कम्पनीमा काम गर्ने नेपाली तथा विदेशी युवालाई आमन्त्रण गरी सूचना प्रविधि महोत्सव आयोजना गर्ने र लगानीका लागि उत्प्रेरित गर्ने ।

### ३.३ आधारस्तम्भ ३ : युवा स्वास्थ्य र सामाजिक सुरक्षा

#### ३.३.१ क्षेत्रगत रणनीति

युवा स्वास्थ्य र सामाजिक सुरक्षाका क्षेत्रमा आगामी १० वर्षका लागि निम्न अनुसार रणनीति तय गरिएको छ।

१) स्वास्थ्य र सामाजिक सुरक्षामा सरकारी लगानी वृद्धि गरी युवाको आधारभूत स्वास्थ्य निःशुल्क र सर्वसुलभ बनाउने।

२) जोखिममा परेका, अपाङ्गता भएका, महिला, विपन्न र सिमान्तकृत युवालाई स्वास्थ्य र सामाजिक सुरक्षाका विशेष कार्यक्रम मार्फत उपचार, उद्धार तथा राहत प्रदान गर्ने।

३) टेलिमेडिसिन, स्वास्थ्य चेतना अभिवृद्धि अभियान, प्राकृतिक र आत्म चिकित्सा पद्धतिको विकास गरी युवामा रोग लाग्न नदिने वातावरण सिर्जना गर्ने।

४) सबल र सक्षम नागरिक निर्माण गर्न शारीरिक र मानसिक रूपमा स्वस्थ युवा निर्माणका लागि राज्यले युवा स्वास्थ्य र सामाजिक सुरक्षालाई प्राथमिकता दिने।

#### ३.३.२ योजना तथा कार्यक्रम

युवाको स्वास्थ्य सामाजिक सुरक्षाका क्षेत्रमा सुधार ल्याउन निम्न अनुसार योजना र कार्यक्रम तय गरिएको छ :

**स्वास्थ्य सचेतनाका लागि युवा टेलिमेडिसिन कार्यक्रम**

दाम्पत्य जीवनसँग सम्वन्धित मनोवैज्ञानिक तथा अन्य संवेदनशील विषय, जस्तै : परिवार नियोजन, मातृशिशु स्याहार, मातृत्व अधिकार, शिशु जन्मान्तर जस्ता विषयमा स्वास्थ्य संस्थासँग समन्वय गरी युवालाई प्रशिक्षित गर्ने, मानसिक स्वास्थ्यका बारेमा जानकारी दिने, युवा अवस्थामा आउने शारीरिक र मानसिक परिवर्तनका बारेमा जानकारी दिने, बालबच्चा स्याहारसम्बन्धी, सुत्केरी अवस्थामा हुने डिप्रेशसन आदिबारे चेतना प्रदान गर्ने कार्यक्रमहरू विकास गरी स्थानीय स्तरका एफ.एम. मार्फत् रेडियो मेडिसिन कार्यक्रमहरू सञ्चालन गर्ने।

**युवा बचाऔं कार्यक्रम**

- गम्भीर प्रकृतिका रोग (मुटु, क्यान्सर, किड्नी समस्या, ब्रेन ट्युमर, मोर्टन न्युरोन डिजिज, प्यारालाइसिस् आदि) लागेका युवालाई उपचारका लागि राज्यले आवश्यक व्यवस्था गर्दै जाने।
- अपाङ्गता भएका युवाका लागि स्वास्थ्य र सामाजिक सुरक्षा अपाङ्गतासम्बन्धी निर्देशिकामा व्यवस्था भए अनुसार अपाङ्गताको प्रकृति हेरी अपाङ्गता भएका युवालाई जीवन यापनका लागि आधारभूत आवश्यकता पूरा हुने गरी सामाजिक सुरक्षा प्रदान गर्ने। सार्वजनिक स्थलमा अनिवार्य रूपमा अपाङ्गमैत्री भौतिक संरचना निर्माण गर्ने।
- अपाङ्गता भएका युवालाई सम्पूर्ण सरकारी अस्पतालमा निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने। निजी अस्पतालमा पनि सामाजिक दायित्व अन्तर्गत अपाङ्गता भएका युवाको निःशुल्क उपचारको प्रबन्ध गर्ने।
- योग, प्राणायाम, ध्यान, आत्मसुरक्षा कला, नैतिक शिक्षा, अनुशासनको माध्यमबाट युवालाई दूर्व्यसन, हिंसा र कुलतबाट मुक्त गरी पुनर्स्थापना गर्ने।

**एचआईभी/एड्स बारे युवा सचेतना**

- आधारभूत तहदेखि नै पाठ्यक्रम र शिक्षक तालिम पाठ्यक्रममा एचआईभी/एड्ससम्बन्धी विषयबस्तु समावेश गर्ने।

**युवा स्वास्थ्य डेस्क स्थापना**

- जिल्ला अस्पताल, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकीमा युवा स्वास्थ्य डेस्क राखी स्वास्थ्यसम्बन्धी परामर्श सेवा प्रदान गर्ने।
- प्रजनन र यौन स्वास्थ्यबारे जानकारी मूलक पुस्तिका र यौन स्वास्थ्यसँग सम्बन्धित सामग्रीहरू उपलब्ध गराउने।
- यौन स्वास्थ्यबारे जिज्ञासा राख्न निश्चित समयका लागि टोल फ्रि नम्बरको व्यवस्था गर्ने।

**मानसिक स्वास्थ्यमा लगानी**

- युवाको मानसिक स्वास्थ्यलाई ध्यान दिई अस्पतालमा वा छुट्टै मानसिक परामर्श केन्द्र स्थापना गर्ने।
- मानसिक स्वास्थ्यसम्बन्धी विषयवस्तु पाठ्यक्रममै समावेश गर्ने।

**युवा स्वास्थका लागि सञ्चार अभियान**

- स्वस्थ जीवनका लागि स्वच्छ वातावरण, स्वस्थ जीवनका लागि स्वच्छ खानपिन र जीवन पद्धति, प्रजनन स्वास्थ्य आदि विषयमा जानकारी दिन आम सञ्चार माध्यम मार्फत चेतना मूलक कार्यक्रम सञ्चालन गर्ने ।

**युवा स्वास्थ्य क्लब गठन**

- युवा स्वास्थ्यका बारेमा छलफल गर्नका लागि सहज वातावरण बनाउन युवा स्वास्थ्य क्लब गठन गरी दौंतरी शिक्षा कार्यक्रम सञ्चालन गर्ने । त्यस्ता क्लबले माग गरेको अवस्थामा युवा स्वास्थसम्बन्धी विज्ञ उपलब्ध गराउने व्यवस्था गर्ने ।

**जोखिममा परेका युवाका लागि पुनःस्थापना केन्द्र**

- हिंसामा परेका, बेचबिखनमा परेका युवालाई परामर्शसहित पुनःस्थापना गर्ने ।
- लैङ्गिक हिंसामा परेका, जातीय विभेद र सामाजिक हिंसामा परेका युवालाई राहत र सामाजिक सुरक्षा प्रदान गर्ने ।
- यौन शोषणमा परेका युवाका लागि सहज न्याय प्रदान गर्न छुट्टै पुनःस्थापना केन्द्रको व्यवस्था गर्ने ।
- दुर्घटना र जोखिममा परेका युवाका लागि निःशुल्क उपचार र पुनःस्थापना गर्ने ।

**युवा प्राकृतिक स्वास्थ्य तथा आत्म उपचार**

योग, प्राणायाम, ध्यान, आत्मसुरक्षा कला प्राकृतिक चिकित्सा विधि र आत्म उपचार पद्धतिमा जोड दिई निरोगी, सबल र स्वस्थ युवा तयार गर्न निम्न कार्यहरू गर्ने :

- सरकारी लगानी वृद्धि गरी स्वास्थ्य केन्द्रबाट युवा आत्म उपचार सेवा प्रदान गर्ने । गैर सरकारी संस्था, दातृसंस्था तथा समाजसेवी र उद्यमशील युवालाई यस क्षेत्रमा लगानीका लागि आकर्षित गरी सेवा बिस्तार गर्ने ।
- नेपालको प्राकृतिक र स्थानीय उपचार विधिलाई वैज्ञानिक उपचार विधिसँग आवद्ध गरी सस्तो, सुलभ र प्राकृतिक उपचार विधि विकास गर्ने कार्यक्रम सञ्चालन गर्ने । साथै अन्य देशका प्राकृतिक उपचार विधि ग्रहण गर्ने ।
- प्राकृतिक उपचार विधि, आत्म उपचार, खानपान, व्यायाम, आराम, मनोरञ्जन, रहनसहनबारे युवालाई सुसूचित गराउन पाठ्यक्रममा यस्ता विषय समावेश गर्नुका साथै सामाजिक सञ्जाल, रेडियो, टेलिभिजन जस्ता आमसञ्चारका माध्यम मार्फत् युवा चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।

**युवा स्वास्थ्यका लागि सामाजिक मिडिया सञ्जाल**

- सामाजिक सञ्जालमा युवाको पहुँच सस्तो, छरितो र प्रभावकारी हुने भएकाले युवा स्वास्थ्य चेतना, स्वस्थ खानपीन, प्रजनन स्वास्थ्य आदि बारे *सामाजिक सञ्जाल* प्रयोग गरी केन्द्रीय युवा सूचना केन्द्र मार्फत् युवालाई सुसूचित गर्ने ।
- स्वास्थ्यसम्बन्धी एकीकृत सूचना प्रणाली विकास गरी युवा सूचना केन्द्र मार्फत् युवाको पहुँचमा पुऱ्याउने ।

**किशोर किशोरी युवा सुरक्षा कार्यक्रम**

- १६ देखि १८ वर्ष उमेर समूहका जोखिमपूर्ण काममा लगाइएका युवालाई मुक्त गर्ने ।
- सवारी साधनका सहचालक, घरेलु कामदार युवाको अध्ययन गरी कानुन बमोजिम उनीहरूको सामाजिक सुरक्षा, पारिश्रमिक, कामको घण्टा, स्वास्थ्य उपचार, शिक्षाको अधिकार सुनिश्चित गर्न कार्यक्रम गर्ने ।
- कार्यथलोमा किशोर किशोरीमाथि हुनसक्ने यौन हिंसाबाट सुरक्षित राख्न सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।
- किशोर अवस्थाको संवेदनशीलतालाई ख्याल राखी सरकारले छुट्टै आपत्कालीन राहत कोष स्थापना गर्ने र किशोर किशोरीसँग काम गरिरहेका सरकारी र गैरसरकारी निकायबीच समन्वय गर्ने ।

**सुरक्षित वैदेशिक रोजगारी**

- युवाको सुरक्षित वैदेशिक रोजगारीको अवस्था सुनिश्चित गर्न वैदेशिक रोजगार व्यवसायी, गैरसरकारी सङ्घ संस्थासँग सहकार्य गरी अनुगमन तथा अध्ययन र नियमन गर्ने ।
- वैदेशिक रोजगारीका नाममा ठगिएका र शोषणमा परेका युवालाई स्वास्थ्य उपचार, परामर्श, तालिम, सिप र ऋण उपलब्ध गराई समाजमा पुनःस्थापना गर्ने ।

**जीवन जिउने कला :**

- सम्पूर्ण युवाहरुलाई जीबनका विभिन्न आयाम, कला, संस्कृति, प्रकृति, मानवता, नैतिक मूल्य मान्यता जस्ता विषयको अध्ययन तालिमबाट जीबनको गरिमा तथा जीवन जिउने कला विकास गर्ने । यस कार्यक्रममार्फत सकारात्मक सोंच, परिवर्तनमूखि संस्कार, प्रतिकुलतामा पनि अडिग हुने क्षमता, संघर्ष आदिको बारेमा प्रत्येक युवालाई प्रशिक्षित गरिनेछ ।

**युवा सफलताका कथा :**

- बिषम् परिस्थितिमा पनि निरन्तर संघर्ष तथा लगाव र मेहनतद्वारा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा स्थापित युवा उद्यमी सफलताका पात्रहरुको समाचार, सफलताका क्षेत्रहरु, संघर्षका समयावधि आदिको सम्बन्धमा विभिन्न युवाहरुको कथा समेटी पुस्तक तथा सामग्री वेभ साईटमा राखि सम्पूर्ण युवाहरुलाई सोही मार्गमा लाग्न उत्प्रेरित गर्ने ।

### ३.४ आधारस्तम्भ ४ : परिचालन, सहभागिता र नेतृत्व विकास

#### ३.४.१ क्षेत्रगत रणनीति

युवा परिचालन, सहभागिता र नेतृत्व विकासका लागि निम्न रणनीति अख्तियार गरिने छ :

१) सामाजिक विकृति, विसङ्गति, कुसंस्कार र दुर्व्यसनका विरुद्ध र विकास निर्माण, वातावरण संरक्षण, राष्ट्रियताको भावना जगाउन युवा स्वयंसेवालाई व्यापक बिस्तार गर्ने ।

२) सामाजिक र आर्थिक रूपान्तरणका लागि नीति निर्माण र कार्यान्वयनमा आम युवा सहभागिता सुनिश्चित गर्दै युवा सशक्तीकरण र सहकार्य मार्फत नेतृत्व स्थापना गर्ने ।

३) युवामा उत्प्रेरणा जागृत गर्न/गराउन आमसञ्चारका माध्यम परिचालन गर्ने ।

#### ३.४.२ योजना तथा कार्यक्रम

युवा परिचालनका लागि निम्न अनुसार कार्यक्रम र नीति तय गरिएको छ :

**युवा स्वयंसेवा कार्यक्रम**

- बेरोजगार स्नातकलाई लक्षित गरी विभिन्न क्षेत्रमा वार्षिक दुई हजार स्वयंसेवकका रूपमा परिचालन गर्ने र यसलाई वृद्धि गर्दै लैजाने । यस्ता स्वयंसेवक, शिक्षा, ग्रामीण स्वास्थ्य, वातावरण, सूचना केन्द्र, कृषि तथा सेवा क्षेत्रहरूमा परिचालन गर्ने ।
- विपन्न महिला, दलित, जनजाति, अल्पसङ्ख्यक, मधेशी, मुस्लिम बाहुल्य भएका तथा कर्णाली र पिछडिएको क्षेत्रका सामुदायिक विद्यालयहरूमा पठन पाठनका लागि युवा स्वयंसेवी परिचालन गर्ने ।

**समाजका लागि युवाको एक दिन**

- युवा सूचना केन्द्रको पहलमा रक्तदान, सरसफाइ, वृक्षारोपण आदि क्षेत्रमा एकदिने स्वयंसेवा कार्यक्रमहरू आयोजना गर्ने । यस्ता कार्यक्रममा युवा क्लबहरू मार्फत स्वयंसेवाका काम अघि बढाउने ।
- स्वयंसेवा गरेका युवालाई रोजगारीका अवसर, पदोन्नति र अन्य सेवाका लागि सकारात्मक मूल्याङ्कन गर्ने ।

**स्वयंसेवक समूह गठन र विपद् व्यवस्थापनमा युवा**

- एउटा राष्ट्रिय संयन्त्र निर्माण गरी युवा स्वयंसेवक समूह गठन गरी स्थानीयदेखि राष्ट्रियस्तरमा आइपर्ने विपद् तथा आपतकालीन स्थितिमा यसको परिचालन गर्न हरेक वर्ष १ लाख युवा स्वयंसेवकहरू तयार गर्ने ।
- नेपाली सेना, अन्य सुरक्षा निकाय, राष्ट्रिय स्वयंसेवा दल, नेपाल स्काउट, नेपाल रेडक्रस सोसाइटी, विद्यार्थी, राजनीतिक सङ्गठन, क्लब तथा युवा सङ्घसंस्थाहरूको समन्वयमा आपत्कालीन स्वयंसेवा प्रशिक्षण दिने तथा तिनलाई परिचयपत्र प्रदान गरी विभिन्न क्षेत्रमा परिचालन गर्ने ।
- यस्ता युवा स्वयंसेवकहरूलाई सम्भावित भूकम्प र प्राकृतिक विपत्ति, दुर्घटना, खाद्य संकट र भोकमरी, डढेलो, द्वन्द्व तथा बाढीपहिरो जस्ता आपत विपतहरूमा परिचालन गर्ने ।

- वातावरण संरक्षणका लागि युवा कार्यक्रम *युथ ग्रीन क्लब* निर्माण गरी तिनीहरूमार्फत वातावरण सचेतना र संरक्षण, सरसफाइ, वृक्षारोपण लगायतका कार्यक्रम सञ्चालन गर्ने ।
- राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिसँग सहकार्य गरी *युवा सूचना केन्द्रहरू मार्फत* स्वच्छ नेपाल युवा अभियान सञ्चालन गर्ने ।
- *एक युवा एक वृक्षरोपण :* हरेक वर्ष आफ्नो जन्मदिनको उपलक्ष्यमा *एउटा रुख रोप्ने* तथा सार्वजनिक संस्थाको स्थापना दिवसका अवसरमा उच्च अक्सिजन प्रदान गर्ने बिरुवा रोप्ने *अभियान* सञ्चालन गर्ने ।
- हिमाल बचाऔं युवा अभियान : मौसम परिवर्तनका कारण हिमालय क्षेत्रमा देखिएको असर न्यूनीकरणका लागि युवा परिचालन गर्ने ।
- कार्बन बचत गरेवापत रकम परियोजना विकास र सञ्चालन गर्न सक्षम युवा तयार गर्ने प्राविधिक तालिमहरू सञ्चालन गर्ने ।

**पर्यटन प्रवर्द्धनमा युवा**

- पर्यटन विकासका लागि होमस्टे, नयाँ पदयात्रा गन्तव्य र साहसिक पर्यटनको सम्भावनाको खोजी, सांस्कृतिक सम्पदा संरक्षण, नयाँ पर्यटकीय स्थलको प्रवर्द्धन गर्न युवाको नेतृत्व र सहभागितामा विभिन्न महोत्सव र कार्यक्रमहरू आयोजना गर्ने ।

**वन संरक्षणका लागि युवा परिचालन**

- प्रत्येक जिल्लामा हैसियत बिग्रेका वन, उपयोगहिन खाली जग्गा रहेको वन क्षेत्र, सडक, बाटो र खोलाका किनार, विद्यालय र सार्वजनिक स्थलमा वृक्षारोपण तथा वन संरक्षणमा युवा परिचालन गर्ने ।

**नागरिक युवा सञ्जाल परिचालन तथा सहकार्य**

- सरकारको प्राथिमिकताको क्षेत्रमा नागरिक युवा संस्था तथा सञ्जालहरूसँग सहकार्य गर्ने । बढ्दो शहरीकरण र अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न र सबै प्रकारका जोखिमबाट सुरक्षित रहन युवा समुहलाई जागरुक गराउने ।
- युवा निरक्षरता उन्मूलन, वातावरण संरक्षण, ग्रामीण स्वास्थ्य स्वयंसेवा, प्राकृतिक चिकित्सा र आत्म चिकित्सा, सिप विकास र उद्यमशीलताका लागि नागरिक युवा सञ्जालहरूलाई सहयोग उपलब्ध गराई परिचालन गर्ने ।
- राजनीतिक अवसरहरू, सेवा-सुविधाहरू, नीति निर्माण, विकास निर्माण र सामाजिक, आर्थिक रूपान्तरणमा युवा सहभागिता सुनिश्चित गर्ने ।
- सरकारी सेवा, नीति निर्माण, राष्ट्र निर्माण र परिचालनका लागि युवालाई महत्वपूर्ण जिम्मेवारी प्रदान गर्ने ।
- राजनीतिक पार्टीका माथिदेखि तलसम्मका विभिन्न संरचनामा निश्चित प्रतिशत युवाको सहभागिता अनिवार्य गर्ने ।
- राष्ट्रिय/अन्तर्राष्ट्रिय सेवा र अवसरहरूमा युवालाई निश्चित प्रतिशतले सहभागी गराउने ।
- राष्ट्रको महत्वपूर्ण जिम्मेवारीमा दलित, महिला, मधेशी, मुस्लिम, अपाङ्गता भएका, आदिवासी जनजाति, कर्णाली तथा पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक, यौनिक अल्पसङ्ख्यक युवाको समावेशिता सुनिश्चित भए नभएको समावेशिता परीक्षण (Inclusion Audit) कार्यक्रमहरू सञ्चालन गर्ने ।

**महिला हिंसा, जातीय विभेद तथा छुवाछूत, बोक्सी, छाउपडी, दाइजो प्रथा लगायतका सामाजिक विकृति विसंगति विरुद्ध युवा अभियान**

- स्थानीयस्तरमा विद्यमान महिला हिंसा, जातीय विभेद तथा छुवाछूत, बोक्सी, छाउपडी लगायतका सामाजिक विकृति विसंगति विरुद्धका अभियानहरू सञ्चालन गर्न स्थानीय युवा क्लब, सञ्जाल तथा निजी क्षेत्रलाई सहयोग प्रदान गर्ने ।
- यस्ता अभियानमा उल्लेख्य काम गर्ने युवा संस्था, सङ्गठन र युवालाई पुरस्कार तथा प्रोत्साहन प्रदान गर्ने।
- महिला हिंसा, बेचबिखन, लागू पदार्थ ओसार पसार तथा विभिन्न सामाजिक विकृतिहरू नियन्त्रण गर्न प्रहरी तथा युवाको सामुदायिक प्रहरी सेल स्थापना गरी परिचालन गर्ने ।
- बेटी-बहु बचाऔं लगायतका लैङ्गिक हिंसा विरुद्धको युवा मधेश जागरण अभियानहरू सञ्चालन गर्ने ।

**युवा नेतृत्व विकासका लागि योजना तथा कार्यक्रम**

- राष्ट्रपति युवा विकास तथा तालिम केन्द्र : युवा माझ छलफल, गोष्ठी, अध्ययन, अनुसन्धान, नेतृत्व तालिम र क्षमता अभिवृद्धि, सांस्कृतिक आदान प्रदान र सहकार्यको संस्कृति बनाउन राष्ट्रिय युवा परिषद्को मातहतमा सुविधा सम्पन्न राष्ट्रियस्तरको राष्ट्रपति युवा विकास तथा तालिम केन्द्र निर्माण गर्ने । यसलाई क्रमशः प्रदेश स्तरमा बिस्तार गर्ने ।
- राजनीतिक युवा, नागरिक सङ्घसंस्था, सञ्जाल, उद्यमशील युवा, महिला लगायत विशेष प्राथमिकता समूहका विभिन्न प्रतिभावान युवा छनौट गरी नेतृत्व विकासका विशेष तालिम सञ्चालन गर्ने ।
- युवाको नेतृत्व विकास र क्षमता अभिवृद्धिका लागि अन्तर्राष्ट्रिय अल्पकालीन तालिम तथा Summer School हरूमा युवालाई पठाउने ।
- युवालाई सहकारी र समूहमा आबद्ध गराई उत्पादनका क्षेत्रमा सरिक गराउने र अगुवा उद्यमी युवा (Pioneer Youth Entrepreneur) निर्माण गर्ने ।
- विभिन्न क्षेत्रमा भएका प्रतिभाको खोजी गर्ने कार्य गरी उनीहरूको प्रतिभालाई देश निर्माणमा लगाउने ।
- विदेशमा रहेका प्रतिभावान युवाको सिप, क्षमता र प्रतिभालाई प्रोत्साहन र सम्मान गर्दै स्वदेशको हितमा सदुपयोग गर्न गैर आवासीय युवा प्रतिभा सम्मान कार्यक्रम सञ्चालन गर्ने ।

**शान्तिका लागि युवा अभियान**

- नेपाललाई बुद्ध जन्मभूमि र शान्ति क्षेत्रको देशका रूपमा विश्वभरि चिनाउन देश र विदेशमा विभिन्न युवामार्फत अभियान र कार्यक्रमहरू सञ्चालन गर्ने ।
- विश्वशान्ति र निशस्त्रीकरण लगायत बहुपक्षीय शान्ति अभियानमा नेपाली युवाको सक्रियता बढाउने ।
- नेपालमा दिगो शान्तिका लागि विविध जाति, धर्म, सम्प्रदाय, लिङ्ग, क्षेत्रका युवाबीच सह-अस्तित्व, सहकार्य र सद्भाव विकास गर्न अन्तर सांस्कृतिक युवा सम्मेलन/महोत्सव गर्ने ।
- दिगो शान्ति कायम गर्न स्थानीय शान्ति समितिसँग समन्वय र सहकार्यमा युवा परिचालन गर्ने ।
- शान्तिका लागि देश/विदेशमा रहेका युवालाई युवा शान्तिदूतको रूपमा परिचालन गर्ने ।

**नागरिक हक अधिकार सुनिश्चितता**

- सामाजिक र नागरिक दायित्वसम्बन्धी चेतना अभिवृद्धि गर्न युवा लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।
- विद्यालय, विश्वविद्यालय र युवा क्लबमार्फत युवाको मानव अधिकार, समावेशी अधिकार, भूमि तथा प्राकृतिक स्रोत साधनमाथिको अधिकार, खाद्य अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार तथा वातावरणीय अधिकारका सचेतना अभियानहरू सञ्चालन गर्ने ।

**युवा सहकार्य**

- विश्वशान्ति, वातावरण संरक्षण, युवा विकास र अधिकारका लागि अन्तर्राष्ट्रिय सङ्घ संस्था, गैर आवासीय नेपाली युवा, दातृ निकाय तथा विभिन्न देशका युवाबीच सहकार्य बढाउन विश्वव्यापी साझेदारीमा युवा (Youth for Global Partnership) कार्यक्रम सञ्चालन गर्ने ।
- पुरानो पुस्तासँग सहकार्य (Inter-generational partnership) गरी समृद्धिका लागि पुस्तान्तरण र रूपान्तरण कार्यक्रमहरू सञ्चालन गर्ने ।

**आमसञ्चार र युवा**

- राष्ट्रिय/अन्तर्राष्ट्रिय ज्ञान, अवसर तथा प्रविधिका विषयमा युवालाई सूचित गराउन एवं सामाजिक, विकृति र विसंगति, हिंसा, अपराध, बेचबिखन तथा दुर्व्यसनका विषयमा युवालाई सचेत गराउन रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने, बुलेटिन, खवर पत्रिकाहरू प्रकाशन गर्ने ।
- युवा सूचना सम्प्रेषणका लागि केन्द्रीय र जिल्ला युवा सूचना केन्द्रबाट सेवा प्रवाह गर्नुका साथै छुट्टै अनलाइन खवर पत्रिका, वेभसाइटहरू सञ्चालन गर्ने ।

- खेलकुदका लागि छुट्टै रेडियो र टेलिभिजन च्यानल स्थापना गरी प्रशारण गर्न प्रक्रिया अगाडि बढाउने ।

## ३.५ आधारस्तम्भ ५: खेलकुद र मनोरञ्जन

### ३.५.१ क्षेत्रगत रणनीति

खेलकुद तथा मनोरञ्जनका लागि निम्न रणनीति अख्तियार गरिने छ :

१) खेलकुदलाई आम युवाको शारीरिक र मानसिक स्वास्थ्यसँग जोड्न ग्रामीण क्षेत्रमा रहेका विद्यालय तहसम्म बिस्तार गर्ने ।

२) खेलकुदमा लगानी बढाएर यस क्षेत्रलाई व्यावसायिक र रोजगारमूलक बनाउने ।

३) खेलकुदलाई शान्ति, एकता र जातीय, क्षेत्रीय सहिष्णुता तथा राष्ट्रिय गौरव वृद्धिका लागि विकास र बिस्तार गर्ने।

४) युवाको खाली समयलाई व्यायाम र मनोरञ्जनात्मक क्रियाकलापसँग जोड्दै युवाको उत्पादकत्व बढाउने ।

५) कला, गीत, संगीत, साहित्य, नाट्य तथा सांस्कृतिक कार्यक्रमहरूलाई युवाको मनोरञ्जनात्मक प्रतिभासँग जोड्ने ।

### ३.५.२ योजना तथा कार्यक्रम

**आम युवाका लागि खेलकुद कार्यक्रम**

- विद्यालय, क्लब, सङ्घ संस्थाहरूका विविध अवसरहरूमा उत्सवका रूपमा खेलकुद कार्यक्रमहरू आयोजना गर्ने ।
- स्थानीयदेखि केन्द्रीयस्तरसम्म महिला खेलकुद महोत्सवहरू आयोजना गर्ने ।
- विविध प्रकारका अपाङ्गता भएका युवाका लागि स्पेशल पाराओलम्पिक खेलहरू आयोजना गर्ने ।
- अपाङ्गता भएकाहरूका लागि अपाङ्गतामैत्री खेलस्थल, अपाङ्गतामैत्री भाषा तथा लार्जर प्रिन्टको व्यवस्था गर्ने ।

**खेलाडी प्रतिभा पहिचान तथा विकास**

- खेलकुद क्षेत्रका प्रतिभा खोजेर त्यस्ता प्रतिभालाई अझ विशिष्टीकरण गर्न विभिन्न अवसर, छात्रवृत्ति तथा प्रशिक्षण प्रदान गर्ने ।
- राष्ट्रिय प्रतिभाको सम्मान गर्दै अन्य युवालाई खेलकुदमा प्रोत्साहन गर्न परिचालन गर्ने ।
- अन्तर्राष्ट्रिय गौरब बढाउने खेलाडीहरूको जीवन निर्वाहका लागि राज्यले सहयोग गर्ने ।

**पूर्वाधार विकास र खेलकुद सामाग्री सहयोग**

- केन्द्रीयस्तरको रंगशाला र खेल मैदानलाई अन्तर्राष्ट्रियस्तरको बनाउन स्तरोन्नति गर्ने र हरेक विकास क्षेत्रमा १/१ वटा राष्ट्रियस्तरको रंगशाला निर्माण गर्ने ।
- *एक गाउँ एक खेल मैदान* : युवाका लागि ग्रामीण खेल मैदान निर्माण गर्ने ।
- स्थानीयस्तरमा हुने राष्ट्रिय महत्वका खेलकुद कार्यक्रमहरूलाई खेलकुद सामग्री प्रदान गर्ने ।

**खेलपर्यटन प्रवर्द्धन कार्यक्रम**

- भौगोलिक र पर्यटकीय विशिष्टतामा आधारित विशेष खेलकुद, जस्तो रारा, खप्तड, चितवन, पोखरा, नगरकोट, इलाम आदि स्थानमा गल्फ, स्केटिंग, पाराग्लाइडिङ्, पोलो, वाटरवोटिङ, हर्स राइडिङ, क्यानोइङ आदिका पूर्वाधार निर्माण गर्ने ।
- आन्तरिक र बाह्य पर्यटक आकर्षणका लागि नयाँ खाले साहसिक, पर्यटकीय तथा मनोरञ्जनात्मक खेलहरू, जस्तो प्याराग्लाइडिङ्, बञ्जिजम्पिङ, क्यानोइङ्, ऱ्याफ्टिङ, हाइकिङ आदि साहसिक खेलहरू आयोजना गरी आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धन गर्ने ।

**शिक्षामा खेलकुद र रोजगारी सिर्जना**

- राष्ट्रिय खेल प्रतिष्ठानको स्थापना गरी उच्च माध्यमिक तथा कलेजहरूमा खेलकुद संकायमा अध्यापन गराउने व्यवस्था गर्ने ।

- खेलकुद शिक्षामा रोजगारी अभिवृद्धि गर्न एक विद्यालय एक खेलकुद शिक्षक रहने व्यवस्थालाई क्रमशः कार्यान्वयन गर्ने ।

**विद्यालय व्यायाम तथा योग कार्यक्रम**

युवा स्वास्थ्यका लागि खेलकुदका साथै व्यायाम, योग, ताइची, ध्यान, आत्मसुरक्षा कला जस्ता विषयका कोर्षहरू निर्माण गरी विद्यालयदेखि नै अध्यापन गराउने ।

- हप्ताको कम्तीमा एक दिन यस्ता प्रशिक्षण कार्यक्रम आयोजना गर्ने ।
- खेलकुद शिक्षकलाई व्यायाम, योग, ताइची, ध्यान, आत्मसुरक्षा कला जस्ता विषयसम्बन्धी तालिम प्रदान गर्ने ।

**परम्परागत खेल विकास कार्यक्रम**

- परम्परागत नेपाली खेलको अध्ययन अनुसन्धान गर्ने ।
- विद्यालय, कलेज तथा क्लबका युवामाझ परम्परागत खेल प्रतियोगिता तथा महोत्सव आयोजनाका लागि सहयोग गर्ने ।

**मैत्रीपूर्ण खेलकुद आयोजना**

- युवाबीचमा सहमति, सहकार्य, सौहार्दता विकासका लागि केन्द्रदेखि स्थानीय तहसम्म विभिन्न मैत्रीपूर्ण खेलकुद आयोजना गर्ने ।
- देशविदेशका युवाबीचमा सम्बन्ध र सहकार्य बिस्तार गर्न अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलकुदहरू आयोजना गर्ने।
- जातीय, क्षेत्रीय र साम्प्रदायिक तथा सांस्कृतिक अन्तरसम्बन्ध सुदृढ गर्न पहाडी, मधेशी, दलित, जनजाति, मुस्लिम तथा अन्य जाति, समुदायबीचमा मैत्रीपूर्ण खेलकुद आयोजना गर्ने ।

**युवाका लागि मनोरञ्जन**

**लिजर टाइम व्यवस्थापन**

- युवाको लिजर टाइमलाई स्वास्थ्योपयोगी बनाउन विभिन्न शहरमा सुविधा सम्पन्न युथपार्क निर्माण गर्ने ।
- युवा कामदारहरूको मानसिक र शारीरिक पुनर्ताजगीका लागि अल्पकालीन छुट्टी (Short Break) समयमा सम्बन्धित कार्यथलो मा आराम, व्यायाम र ध्यान गर्ने कक्षहरूको पूर्वाधार निर्माण गर्ने ।
- युवामा आन्तरिक पर्यटनको भावना विकास गर्न र देशका विविधता र सौन्दर्य बारे जानकारी होस् भन्ने हेतुले विदामा कम खर्चमा हाइकिङ, ट्रेकिङ, रक क्लाइम्बिङ, युथ क्याम्प जस्ता कार्यक्रम प्रवर्द्धन गर्ने ।
- आन्तरिक पर्यटन प्रवर्द्धनका लागि सरकारी, गैरसरकारी र निजी संस्थाका युवा कर्मचारीलाई पर्यटन विदा मनाउन सहुलियत उपलब्ध गराउने नीति अवलम्बन गर्ने ।

**सांस्कृतिक मनोरञ्जनमा युवा**

- स्थानीय युवा क्लबहरूलाई सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्नका लागि सहयोग उपलब्ध गराउने ।
- नाटक, कला, संस्कृति र चलचित्रका विषयमा सूचना आदान प्रदान गर्ने, समन्वय गरिदिने र युवालाई आवश्यक तालिमको व्यवस्था गर्ने ।
- स्थानीयस्तरदेखि केन्द्रीयस्तरसम्म युवामा गीत, संगीतको प्रतिस्पर्धा गराई उत्कृष्ट युवा कलाकार चयन गरी पुरस्कृत गर्ने ।

## परिच्छेद ४: कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन

**४.१) कार्यान्वयन र समन्वय**

'युथ भिजन - २०२५' को कार्यान्वयन र समन्वयको नेतृत्व युवा तथा खेलकुद मन्त्रालयले गर्नेछ । केन्द्रीय तहमा युवा सम्बद्ध मन्त्रालय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर सरकारी संस्था, सहकारी, राजनैतिक युवा संघ संगठन तथा निजी क्षेत्रसँग समन्वय गरी युथ भिजनले परिलक्षित गरेका कार्यक्रमहरू कार्यान्वयनका लागि युवा तथा खेलकुद मन्त्रालयले पहल गर्नेछ । यसका

लागि युवा परिषद् ऐन, २०७२ बमोजिम राष्ट्रिय युवा परिषद् गठन गरी प्रदेश र स्थानीय तहसम्म संस्थागत संरचना विस्तार गरिने छ ।

युथ भिजन-२०२५ को कार्यान्वयनका लागि सम्बन्धित क्षेत्रगत मन्त्रालयहरुले आफ्नो कार्यक्षेत्र भित्र पर्ने कार्यक्रमहरु आफ्ना नियमित तथा आवधिक तथा वार्षिक योजनाहरूमा समेटी कार्यान्वयन गर्दै लानेछन् । युवा तथा खेलकुद मन्त्रालयको समन्वयमा आवश्यक नीतिगत सुधार एवं कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु सम्बद्ध सबै निकायको जिम्मेवारी हुनेछ ।

राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर सरकारी संस्था, सहकारी, राजनैतिक युवा संघ संगठन तथा निजी क्षेत्रले युवा तथा खेलकुद मन्त्रालयको समन्वयमा युवा विकासका कार्यक्रम तथा स्रोतमा साझदारी गर्नेछन् । विकास साझेदारहरूले युवा विकासका सरोकारवाला मन्त्रालय तथा निकायहरूसँग समन्वय गरी युथ भिजनको कार्यान्वयनमा सहयोग गर्ने छन् ।

राष्ट्रिय युवा नीति २०७२ मा अन्तर मन्त्रालय समन्वयका लागि युवा तथा खेलकुद मन्त्रीको अध्यक्षतामा अन्तर मन्त्रालय 'राष्ट्रिय युवा नीति समन्वय समिति' रहने व्यवस्था गरेको छ । यही समितिले युथ भिजन २०२५ कार्यान्वयनको लागि समेत समन्वय गर्नेछ ।

### ४.२) अनुगमन र मूल्याङ्कन

'युथ भिजन - २०२५' को कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल भए/नभएको अनुगमन तथा मूल्याङ्कन गर्ने मुख्य जिम्मेवार निकायका रूपमा युवा तथा खेलकुद मन्त्रालय रहने छ । यसका लागि युवा तथा खेलकुद मन्त्रालयका सचिवको संयोजकत्वमा युवा विकाससँग सरोकार राख्ने मन्त्रालयका प्रतिनिधि रहेको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समिति रहने छ । राष्ट्रिय योजना आयोगको अनुगमन र मूल्याङ्कन निर्देशिकासँग मेल खाने गरी युथ भिजनको अनुगमन र मूल्याङ्कन योजना निर्माण गरी लागू गरिने छ । राष्ट्रियस्तरमा राष्ट्रिय योजना आयोगद्वारा गरिने अनुगमन तथा मूल्याङ्कन ढाँचामा युवा विकासका सवाललाई समाहित गरिने छ । मूल्याङ्कन गरिने उपलब्धिलाई वस्तुगत तथा मापनयोग्य रूपमा परिभाषित गरिने छ । युवा तथा खेलकुद मन्त्रालयले राष्ट्रिय योजना आयोगको सहयोगमा युथ भिजन कार्यान्वयनको वार्षिक मूल्याङ्कन गरी प्रतिवेदन सार्वजनिक गर्नेछ । साथै तेस्रो पक्षबाट मध्यावधि र पूर्णावधिको मूल्याङ्कन गराई प्रतिवेदन सार्वजनिक गरिने छ । युथ भिजन - २०२५ कार्यान्वयनमा सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्न सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ प्रक्रिया संस्थागत गरिने छ ।

### ४.३) जोखिम

'युथ भिजन - २०२५' आफैंमा महत्वाकांक्षी योजना हो । अहिलेको जनसाङ्ख्यिक अवस्थाको लाभ लिएर देशलाई समृद्ध बनाउन युवाको उच्चतम सहभागिताबाट मात्र सम्भव छ । युवा मुद्दा सबै मन्त्रालयसँग अन्तरसम्बन्धित हुने भएकाले युवा तथा खेलकुद मन्त्रालयले सञ्चालन गर्ने कार्यक्रमले मात्रै समग्र युवा विकास सम्भव छैन ।

'युथ भिजन - २०२५' ले सम्भावनाको ढोका उघारे पनि यसको कार्यान्वयनमा निम्नलिखित जोखिम रहन सक्छन् ।

१.कार्यक्रम कार्यान्वयनका लागि पर्याप्त स्रोत जुटाउन युवा विकासका सरोकारवाला निकाय र सङ्घ संस्थाहरूसँग उचित समन्वय हुन नसक्नु ।

२. युवाका मुद्दा साझा सरोकारका विषय भएकाले अन्य सम्बद्ध मन्त्रालय तथा सरोकारवाला निकायको प्रतिबद्धता र सहयोग प्राप्त नहुनु ।

३. हालको राजनीतिक सङ्क्रमण अन्त्य भई स्थायित्व र लागानीमैत्री वातावरण कायम हुन नसक्नु ।

४. युवा विकासलाई मुलुकका मूलधारका राजनीतिक दलले प्राथमिकतामा नराख्नु ।